

# २०८२

## 'किसानसँग पालिका प्रमुख कार्यक्रम'

# स्मारिका

बैजनाथ गाउँपालिकाद्वारा प्रकाशित

# ‘किसानसँग पालिका प्रमुख कार्यक्रम’

# स्मारिका

‘किसानसँग पालिका प्रमुख’ कार्यक्रम

स्मारिका

प्रकाशक : बैजनाथ गाउँपालिका रामपुर, बाँके
सहजीकरण : दूरसञ्चार मिडिया नेटवर्क प्रा.लि.
सम्पादन : अर्जुन ओली
लेआउट : योगेश कुमार धोवी
सल्लाहकार : प्रकाश बहादुर शाही, निर्मला रोकाय, धर्मराज न्यौपाने
इमेल : baijanathrumun@gmail.com
वेभसाइट : www.baijanathmun.gov.np

# बैजनाथ गाउँपालिका, बाँके

## जनप्रतिनिधिहरु



**निर्मला रोकाय**
उपाध्यक्ष



**प्रकाशबहादुर शाही**
अध्यक्ष



**रूपबहादुर मल्ल**
वडाअध्यक्ष, वडा नम्बर-१



**राजु रुचाल ठकुरी**
वडाअध्यक्ष, वडा नम्बर-२



**निखिल बैगार**
वडाअध्यक्ष, वडा नम्बर-३



**प्रेम बहादुर शाही**
वडाअध्यक्ष, वडा नम्बर-४



**देव बहादुर रावत**
वडाअध्यक्ष, वडा नम्बर-५



**भुपाल पुन मगर**
वडाअध्यक्ष, वडा नम्बर-६



**दिनेश कुमार थारु**
वडाअध्यक्ष, वडा नम्बर-७



**भगन थारु**
वडाअध्यक्ष, वडा नम्बर-८



**भुमिसरा राना**
कार्यपालिका सदस्य



**मञ्जु ओली**
कार्यपालिका सदस्य



**कमानसिंह सुनार**
कार्यपालिका सदस्य



**फरिदुद्दिन हलवाई**
कार्यपालिका सदस्य



**कृष्णा कुमारी सुनार**
कार्यपालिका सदस्य



**रुपा थापा**
कार्यपालिका सदस्य

# बैजनाथ गाउँपालिका, बाँके

## कर्मचारीहरु



**धर्मराज न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत



**पूर्णप्रसाद जैसी**
लेखा अधिकृत



**विष्णुप्रसाद ढकाल**
वरिष्ठ शिक्षा अधिकृत



**तप्तराज आचार्य**
अधिकृत



**डोटी नेपाली**
अधिकृत



**प्रमोद कुमार विश्वकर्मा**
अधिकृत



**लक्ष्मणराज शाही**
सिनियर अ.हे.व. अधिकृत



**धर्मेन्द्र आचार्य**
इन्जिनियर



**अमर सिंह ठाकुर**
सूचना प्रविधि अधिकृत



**अमृत सुनार**
रोजगार संयोजक

## अध्यक्षको मन्तब्य



बाँके जिल्लामा रहेको यस बैजनाथ गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० देखी आफ्नो कार्यक्षेत्रका किसानहरुलाई लक्षित गर्दै '**किसानसँग पालिका प्रमुख कार्यक्रम**' सञ्चालन गर्दै आएको आम बैजनाथबासीलाई सर्वविदितै छ। विगतका वर्षझै आर्थिक वर्ष २०८१/०८२ मा पनि हामीले यो कार्यक्रमलाई निरन्तरता दिएका छौं।

आर्थिक वर्ष २०८१/०८२ मा पनि किसान लक्षित थुप्रै कार्यक्रमहरु सम्पन्न भएका छन्। ति कार्यक्रमलाई यस स्मारिकामा समेट्ने प्रयास गरेका छौं। अघिल्ला आर्थिक वर्षमा वितरण गरिएको अनुदानको प्रभावकारिता सम्बन्धमा अनुदान प्राप्त किसानलाई प्रत्यक्ष रुपमा भेटगरी तयार पारिएका साामाग्री, किसानका प्रोफाइल, किसानका धारणा, संघर्ष सम्बन्धी कथालाई पनि पनि यस स्मारिकामा समेट्ने कोशिस गरेका छौं।

पक्कैपनि किसानका आशा र अपेक्षा धेरै हुनु स्वभाविक कुरा हो। कार्यक्रम सञ्चालन भएको तीन वर्ष पुरा हुँदै गर्दा बैजनाथका अधिकांस किसानमाझ किसानसँग पालिका प्रमुख कार्यक्रम पुगेको हाम्रो ठहर छ। किसानसँग पालिका प्रमुख कार्यक्रमले धेरै किसानको अवस्थामा सुधार ल्याएको छ। कार्यक्रमबाट बञ्चित हुनु भएका किसानलाई आगामी वर्षमा समेट्न हामी प्रतिवद्ध छौं। यो किसानसँग पालिका प्रमुख कार्यक्रम लक्षित स्मारिकाको दोस्रो संस्करण बैजनाथ क्षेत्रका किसानका लागि निकै उपयोगी बन्नेछ भन्ने मा विश्वस्त छौं। **धन्यवाद** !

**प्रकाशबहादुर शाही**
अध्यक्ष

## बैजनाथ गाउँपालिकाको संक्षिप्त परिचय :


बैजनाथ गाउँपालिका लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित रहेको छ। पूर्वमा कोहलपूर नगरपालिका, दक्षिणमा खजुरा गाउँपालिका र पश्चिममा मानखोला तथा उत्तरमा बर्दिया जिल्लाको बाँसगढी नगरपालिका अवस्थित रहेको छ।

गाउँपालिकाको केन्द्र साविक बनकटवा गाविसको कार्यालय रहेको स्थानमा रहेको थियो, हाल रामपुर वडा नम्बर ५ मा रहेको छ। साविकका चिसापानी, नौवस्ता, वनकटवा र टिटिहिरिया गाविस मिलेर गठन भएको हालको बैजनाथ गाउँपालिकाको नामाकरण ऐतिहासिक तथा राजनितिक पृष्ठभुमि सँग जोडिएको छ।

साविकको वनकटवा वडा नम्बर ३ र हालको वडा नं ७ पेडारीमा जन्मेका बैजनाथ थारुको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो। जातीय हिसाबले मिश्रित बसोबास रहेको यस गाउँपालिकामा थारु, मुस्लिम, बाहुन, क्षेत्री, ठकुरी र दलित जातिहरू रहेका छन्।

जातीय र भाषिक विविधता रहेको यस गाउँपालिका क्षेत्रमा मुख्य रूपमा हिन्दु धर्मावलम्बी नै रहे पनि मुस्लीम र क्रिश्चियन धर्म मान्ने जनसंख्या पनि यहाँ रहेको छ। पश्चिमी तराइ क्षेत्रमा पर्ने यस गाउँपालिकाको सम्पूर्ण भुभाग समथर रहेको छ।

बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने केही भुभागमा चुरे क्षेत्रका विषेशता रहे पनि अधिकांश क्षेत्रहरू समथर रहेको छ। यस गाउँपालिकाको कुल जमिन मध्ये सबैभन्दा बढी क्षेत्रमा खेती गरिएको छ, भने मध्यवर्ती क्षेत्र लगायतको बन जंगलले पनि उल्लेख्य क्षेत्र ओगटेको छ।




### गाउँपालिकासँग सम्बन्धित तथ्यांकहरू :

| | |
|---|---|
| क्षेत्रफल | : १४१.६७ वर्ग कि.मि. |
| जम्मा वडा | : ८ वटा |
| जनसंख्या | : महिला ३४०८५, पुरुष ३५१९७, जम्मा ६९२८२ |
| परिवार संख्या | : १३९८७ |
| औसत घरपरिवारको आकार | : ४.९४ जना |
| साक्षरता | : पुरुष ९३.९७, महिला ८७.०९, औषत ९०.५३ |

## यसभित्र...


| शिर्षक | | पृष्ठ |
|---|---|---|
| १. | 'किसानसँग पालिका प्रमुख कार्यक्रममा सबैथरीका किसानलाई समेटाका छौं' | १ |
| २. | 'कृषिकर्म गरेर आत्मनिर्भर बन्न सकिन्छ' | ५ |
| ३. | किसानसँग पालिका प्रमुख कार्यक्रम : कृषि र पशुपंक्षी विकासमा अनुदानको ओइरो | ७ |
| ४. | बैजनाथको अर्को परिचय, अर्ग्यानिक तरकारीको भण्डार | ९ |
| ५. | अनेक चुनौती पार गर्दै भैसी पालनमा रमाएकी संगिता | १२ |
| ६. | मेहनती फत्तेपुरका गाउँका तरकारी उत्पादक किसान | १४ |
| ७. | व्यवसायिक भैसी पालनमा रमाउँदै तुलसरा | १७ |
| ८. | किसानसँग पलिका प्रमुखले बाख्रा पाल्ने हौसला मिल्यो | १९ |
| ९. | किसानसँग पालिका प्रमुख कार्यक्रम बरदान नै हो | २० |
| १०. | च्याउ खेतीमा सन्तबीरको क्रियाशिलता | २२ |
| ११. | बंगुरपालनबाट घरमै स्वरोजगार | २३ |
| १२. | बाख्रा पालनले फर्काएको खुसी | २५ |
| १३. | मुङ खेतीमा किसानको आर्कषण | २६ |
| १४. | निवृत्त जीवनमा पशु चौपायासँग रमाउँदै टेकप्रसाद | २८ |
| १५. | किसानको मेहनतलाई स्थानीय सरकारबाट कदर | २९ |
| १६. | वास्तविक किसानलाई कार्यक्रम धेरै राम्रो छ | ३१ |
| १७. | भैसी पालनले विदेशका श्रीमानलाई फर्कायो गाउँमै | ३२ |
| १८. | सिंचाई कुलोले फेरियो किसानको दिनचर्या | ३४ |
| १९. | पशु चौपायालाई उन्नत जातको घाँस | ३६ |
| २०. | कृषिमा चम्केको रारा बस्ती कृषक समुह | ३७ |
| २१. | गाउँपालिकाको अनुदानले उत्साहित तुलसीराम | ३९ |
| २२. | कृषि यान्त्रीकरण र आय आर्जनमा जोडिए सहकारीका किसान | ४१ |
| २३. | कृषि हाटबजारले बनाईदियो सहज | ४३ |
| २४. | किसानसँग पालिका प्रमुख कार्यक्रमका केही झलकहरु | ४४ |

# किसानहरुलाई अनुरोध

- पशु बिमा गरौं, ब्यवसायमा हुने जोखिमबाट बचौं।
- पशुपालन गरौं, उत्पादन लागत बढाऔं।
- पशुलाई नियमित जुका विरुद्ध ६/६ महिनामा औषधी खुवाऔं।
- गाउँपालिकाको सौन्दर्यलाई बाधा पर्नेगरी पशु चौपाया, बद्य/काटमार नगरौं।
- जथाभावी छाडा चौपाया नछोडौ, पशुधनीले छाडा चौपाया नियन्त्रण गरौं।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिज रोगबाट बचौं।
- गाउँपालिका क्षत्र भित्र कोही कसैले आफूले पालेका पशु चौपाया छाडा छोडेको देखेमा सो ब्यक्तिको परिचय खुल्ने गरि यस गाउँपालिकामा लिखित, मौखिक जानकारी गराएर छाडा चौपाया ब्यवस्थापनमा सहयोग गरौ।
- पशु प्रवर्द्धन तथा युवा लक्षित कार्यक्रमहरु गरौं।
- पशु सम्बन्धि परामर्श लिने गरौं।
- आफ्नो खेतबारीमा नियमित अनुगमन गरौं।
- धान मकै तरकारी तथा अन्य बालीमा रोग किरा लागेमा नजिकैको कृषि प्राविधिकलाई जानकारी गराऔं।
- रोग प्रतिरोधात्मक क्षमता बढी भएको जातको बालीको प्रयोग गरौं।
- खेत बारीमा रसायसनक मलको प्रयोग गर्दा बाली अनुसारको सिफारिस मात्रा प्रयोग गरौं।
- सकभर प्राङ्गारिक मललाई प्राथमिकता दिऊँ।
- बिषादीको प्रयोग कम गरौं, प्रयोग गर्ने अवस्था भएमा सम्बन्धित निकायसँग परामर्श गरि सोही अनुसार सुरक्षित भई प्रयोग गरौं।
- नेपाल सरकारले सिफारिस गरे अनुसारको बालीको जातको प्रयोग गरौं।
- पशु विमा गरौं, ब्यवसायमा हुने जोखिमबाट बचौं।

**बैजनाथ गाउँपालिका**
रामपुर, बाँके

# "किसानसँग पालिका प्रमुख कार्यक्रममा सबैथरीका किसानलाई समेटेका छौं"



**प्रकाशबहादुर शाही**
*अध्यक्ष, बैजनाथ गाउँपालिका बाँके*

*झण्डै ७० देखी ७५ प्रतिशत जनताहरु कृषि पेशा र पशुपालनमा आश्रित भएको हुनाले बैजनाथको आर्थिक समृद्धि ल्याउनु छ, भने कृषि क्रान्तिद्धारा नै सफल हुन्छ, भन्ने खालको कुरा आईसकेपछि किसानसँग पालिका प्रमुख कार्यक्रम जोडियो । त्यसपछि हामीले किसानलाई जोडेर कानुन बनायौं । कानुन र कार्यविधी अनुसार हामीले कार्यक्रम गरिरहेका छौं ।*

**किसानसँग पालिका प्रमुख कार्यक्रमको अवधारणा कसरी ल्याउनु भयो ?**

म विगत लामो समयदेखी यही क्षेत्रमा सामाजिक सेवा गरिरहँदा विभिन्न भेग, विभिन्न टोलहरुमा घुमिरहन्थ्ये । जनतासँग भलाकुसारी गरिरहन्थ्ये । त्यो अवस्थामा मलाई के लाग्थ्यो भने भोली बिहान कतै ठाउँमा पुगियो भने कृषि क्षेत्रको विकासका लागि यस्तो भिजन ल्याउनुपर्छ, लक्ष्य प्राप्तीको लागि केही न केही गर्नुपर्छ । उद्धेश्य केही न केही हुनुपर्छ भन्ने उद्देश्यले एक किसिमको योजना ल्याइएको हो । निर्वाचनमा जादै गर्दा पनि मैले बोलेको हुँ, किसानहरुलाई विशेष प्याकेज ल्याएर उहाँहरुलाई प्रविधिसँग जोडिनेछ, किसानलाई सहज रुपमा उत्पादनमा बृद्धि ल्याइनेछ भन्ने खालका कुराहरु मैले गरेको हुँ । जुन नीति थियो, त्यो नीतिलाई कार्यपालिका हुदै गाउँ सभामा लैजादै गर्दा सबैको समर्थन भयो । झण्डै ७० देखी ७५ प्रतिशत जनताहरु कृषि पेशा र पशुपालनमा आश्रित भएको हुनाले बैजनाथको आर्थिक समृद्धि ल्याउनु छ, भने कृषि क्रान्तिद्धारा नै सफल हुन्छ, भन्ने खालको कुरा आईसकेपछि किसानसँग पालिका प्रमुख कार्यक्रम जोडियो । त्यसपछि हामीले किसानलाई जोडेर कानुन बनायौं । कानुन र कार्यविधी अनुसार हामीले कार्यक्रम गरिरहेका छौं ।

**किसानसँग पालिका प्रमुख कार्यक्रम लागु हुनुभन्दा अगाडीको अवस्था र कार्यक्रम लागु भईसकेपछि बैजनाथको कृषिको अवस्थामा कत्तिको परिवर्तन आएको छ ?**

तीन वर्षको अन्तरालमा पहिलेको भन्दा अहिले धेरै फरक पाईरहेको छु। हिजोका दिनमा आकाशबाट पानी पर्ला र खेती गरौंला भन्ने खालको कुरा थियो। अहिले हामीले सिंचाईको लागि बोरिङ, समरसेबल पम्प जडान गरेका छौं । त्यसले गर्दा पनि समयमै विभिन्न तरकारी खेतीदेखी लिएर अन्नबाली, दलहन बाली, तेलहन बाली समयमै लगाएको देख्न सकिन्छ। किनभने हामीले डेलिभरी पाईप दिएका छौं । लालटिन मोटर दिएका छौं । पम्प सेट दिएका छौं । जुन पानी जमेको ठाउँ छ । जुन ड्याम बनाएका छौं। जुन पानी खोलामा जमेको छ। जुन पोखरीमा जम्छ। जुन खाल्डोमा जम्छ, त्यो प्रयोग गरेर उहाँले सिंचाई गरिरहनु भएको छ। पहिला यान्त्रीकरण थिएन, प्रविधि थिएन। प्रविधिसँग जोडिएपछि हामी खुसी छौं। समयमै किसानले खेती गर्नु भएको छ। मौसम अनुसार समयमै खेती गरियो भने उत्पादन पनि बढ्ने हो। कृषिमा पहिला एक हल गोरु, एक दुई वटा राँगाले कति जोत्न सक्लान्। पालैपालो गर्दा पनि समय जान्थ्यो। अहिले प्रत्येक घर मा जोत्ने मिनी टेलर, पावर टेलर हामीले ७० प्रतिशत अनुदानमा हामीले उपलब्ध गराएका छौं। उच्च वर्गको किसानदेखी मध्यम र निम्न वर्गको किसानले पनि फाईदा लिइरहेको अवस्था छ। यान्त्रीकरण र प्रविधिसँग जोडेर उहाँहरुले खेती गरिरहनु भएको छ। पशुपालक किसान कतिपयले दुधको उत्पादन बढेर आफै डेरी सञ्चालन गर्नु भएको छ। भैसी, बाख्रा, बंगुर लगायत धेरैमा हामीले अनुदान दिएका छौं। त्यसले गर्दाखेरी म खुसी छु कि धेरै कामहरु भईरहेका छन्। किसानहरु यो कार्यक्रमप्रति आकर्षित छन् र उत्पादन पनि बढेको जस्तो मलाई लाग्छ।

**यो कार्यक्रमले गाउँपालिका भित्रका कस्ता-कस्ता किसानलाई समेटेको छ ?**

यसले विशेषगरी उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गका सबैलाई समेटेको छ। प्रविधि अनुसार कसलाई के चाहियो भन्ने खालको कुराहरु हामीले एउटा नीति बनाउँछौं, योजना बनाउँछौं सोही अनुसार छलफलबाट हाम्रो चाही सूचना खुल्छ। कतिपय यान्त्रीकरणसँग जोडिन्छ । हामीले धान काट्ने मेसिन पनि उपलब्ध गराएका छौं। ठुलो किसान त्यसमा जोडिनुहुन्छ। कोही किसान मिनी टिलरसँग जोडिनु हुन्छ। कोही किसान पम्पसेटसँग जोडिनु हुन्छ। सबै वर्गका किसानलाई हामीले यसमा जोडेका छौं र जो अति विपन्न वर्गका छन्, ति किसानलाई पनि हामीले पूर्ण अनुदान दिएका छौं। किन्नै नसक्ने खालको किसान हुनुहुन्छ भने त्यस्ता किसानलाई पनि किसानसँग पालिका प्रमुख कार्यक्रममा कार्यविधी बनाइएको छ। तिनलाई छनोट गरेर पूर्ण अनुदानमा पम्पसेट, डेलिभरी पाईप, लालटिन मोटर, बाख्राहरु, कुखुराहरु दिने गरेका छौं।

**कार्यक्रमको अनुदान कत्तिको सदुपयोग भएको पाउनु भएको छ ?**

पुरै रिजल्ट आउन त अझै बाँकी छ। हामी लगानीकै क्रममा छौं । अहिले थुप्रै किसानले दुध बेचिरहेको देख्नुहुन्छ। थुप्रैले आफ्नो कुखुरा बेचिरहेको देख्न सकिन्छ। थुप्रै किसानले आफ्नो बाख्रा बेचिरहेको देख्नुहुन्छ। केही न केही त परिवर्तन भएको छ। थुप्रै किसानलाई हामीले ई-लोडिङ रिक्सा दिएका छौं। हामीले आर्थिक वर्ष २०८०/०८१ मा १३ वटा र आर्थिक वर्ष २०८१/०८२ मा पनि १३ वटा ई-लोडिङ रिक्सा दिएका छौं । किसानले उत्पादन भएका चिजहरु रिक्सामा ढुवानी गरेर बिक्री गर्न लैजानुहुन्छ । रिक्सा कोही समुहले लैजानु भएको छ, कोही फर्मले लिनु भएको छ। त्यसपछि उहाँहरु उत्पादनसँग जोडिनुहुन्छ । किसानको तरकारीहरु खेरा जादैन । धानबाली, अन्नबाली, तेलहनबाली, दलहनबाली खेरा जादैन । किसानहरु उत्पादनमा जोडिनुहुन्छ। जोडिएपछि आफै ढुवानी गरेर लिइरहे को अवस्था छ। सिंचाईका कुराहरुदेखी लिएर किसानले समयमा खेती गरिरहेको अवस्था छ। हिजोका दिनमा पानी नपर्ने, सिंचाईको ब्यवस्था नहुने, जोत्न नसकेर पनि समयमा खेती नहुने अवस्था थियो। अहिले प्रविधिसँग जोडिएको हुनाले समयमै खेती भएको छ। समयमै सिंचाई गर्नु भएको छ। धेरै कुराहरु देखिएको छ।

**किसानले अनुदान प्राप्त गर्नका लागि के-के कुरामा ध्यान दिनुपर्छ ?**

किसानले विशेष विचार के कुरामा गर्नुपर्छ भने राज्यको नीति हुन्छ। हाम्रो गाउँपालिकामा ७० देखी ७५ हजार जनता छन् । सबैलाई हामीले अनुदान दिन सक्दैनौं । त्यसको लागि कानुन छ । कार्यविधी बनाएका छौं । अनुदान लिनको लागि सूचिकृत समुह हुनुपर्‍यो। कृषि यान्त्रीकरणमा मिनी टिलर, पावर टिलर बाँडेका छौं। पम्पसेट बाँडेका छौं। लालटिन मोटर बाँडेका छौं । मन्चिङ प्लाष्टिक बाँडेका छौं । ई-लोडिङ रिक्सा बाँडेका छौं । पशुपालक किसानलाई मिनी मिल बाँडेका छौं । चारा काट्ने मेसिन बाँडेका छौं । त्यसको लागि पनि केही आधारहरु छ । धेरै अनुदान दिइरहेका छौं । किसानहरु कि १५/१६ जनाको समुह बनाएर गाउँपालिकामा सूचीकृत हुनुपर्‍यो या कुनै पशुपालक किसानहरु फर्म दर्ता भएको हुनुपर्‍यो या त कुनै सहकारीसँग आवद्ध भएर सिफारिस ल्याएर आएको हुनुपर्‍यो र

वडा कार्यालयबाट सिफारिस ल्याएर आएको हुनुपर्‍यो । तिनीमध्ये सूचना आव्हान गरिसकेपछि सूचनाको आधारमा हामीले किसान छनोट गर्ने हो । मेरो संयोजकत्वमा एउटा समिति छ । अर्को प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अर्को मुल्यांकन समिति छ । त्यसलाई हामीले शत-प्रतिशत मार्क राखेर अनुगमन गरिसके पछि नम्बरका अधारमा अनुदान पाईरहेको अवस्था छ । त्यसैले म के अनुरोध गर्न चाहन्छु, भने सम्पूर्ण किसानलाई बैजनाथ गाउँपालिकाले नीति र विधि अनुसार अनुदान बाँडिरहेको छ ।

**अनुदान दुरुपयोग हुन नदिन के कस्तो सावधानी अपनाउनु भएको छ ?**

हामीसँग यो भन्दा अगाडी कृषि र पशुका कर्मचारी केही कमी थिए । अहिले हामीले तीन जना पशु र दुई जना कृषिका कर्मचारीलाई आन्तरिक स्रोतबाट करारमा कर्मचारी नियुक्त गरिसके को अवस्था छ । किसानसँग पालिका प्रमुख कार्यक्रम ७० प्रतिशत अनुदान भनेर हामीले ट्याग लगाएका छौं । अनुदान दुरुपयोग नहोस् भन्नका लागि हामीले महिनामा कर्मचारीमार्फत तथ्यांक ल्याउने काम गर्छौं । हामीले हिजो दिएका सामान प्रयोगमा छन् कि छैनन् । अनुदान दिदाँ उत्पादनमा कति जोडिनु भएको छ । फाईदा भएको छ कि त्यस्तै खिया लागेर बसेको छ, भन्ने खालको नीति ल्याएका छौं । अझै यसलाई द्रुत गतिमा अगाडी बढाउँदैछौं ।

**कार्यक्रम सञ्चालन भएको ३ वर्ष भईसकेको छ । यस कार्यक्रमबाट मुख्य कामहरु के कस्ता भएका छन् ?**

तीन वर्षमा केही न केही परिवर्तन भएको छ । हामीले गरेको कामलाई फिल्डमा गएर प्रत्यक्ष रुपमा हेर्न सक्नुहुन्छ । तथ्यांकबाट कुन-कुन किसानलाई के-के कुरा दिएका छौं भन्ने हामीसँग उहाँहरुको मोबाईल नम्बर, समुहको नाम, फर्मको नाम सबै तथ्यांक हुन्छ । त्यो तथ्यांक उहाँले बोल्ने कुरा हो । मेरो भनाई के छ, भने पहिले र अहिलेमा पशुपालक किसानको बृद्धि भएको छ । उहाँले समयमै औषधी, उपचार निःशुल्क पाउनु भएको छ । विभिन्न शिविरको सुविधा, खोप पाउनु भएको छ । पशुहरुलाई हामीले हिउँदे घाँस, बर्खे घाँस अनुदानमा दिईरहेका छौं । अर्को सुत्केरी पशुलाई पोषण, दाना र भिटामिन दिइरहेका छौं । पशु पालक किसानलाई चारा मेसिन, मिनी मिल दिईरहेका छौं । कृषितिर पनि विभिन्न किसिमका कामहरु हामीले गरिरहेका छौं । यान्त्रीकरणका सामाग्री बाँडिरहेका छौं । पम्पसेट, ई-लोडिङ रिक्सा, कृषि एम्बुलेन्स सञ्चालन गरिरहेका छौं । त्यसले गर्दाखेरी समग्र रुपमा कृषि र पशुमा यो सरकारले जुन लगानी गरेको छ । लगानी अनुसार प्रतिफल आईरहेको महसुस गरेका छौं ।

**बैजनाथ गाउँपालिकामा तरकारी उत्पादक किसानहरु धेरै हुनुहुन्छ । कार्यक्रममा जोडिएर अनुदान पाउनु भएको छ । उत्पादन भएको तरकारी बिक्री गर्न समस्या छ । यो समस्यालाई कसरी समाधान गर्न सकिएला ?**

किसानहरुको घर खेतमा गएर हेर्दै गर्दा उहाँहरुले उत्पादन गरेको तरकारी खेतमा सडिरहेको अवस्था, विचौलियाले आएर किसानको मेहनत भन्दा ५० प्रतिशत कम रकम लिने अवस्था, त्यो नहोस् भनेर नै हामीले किसानसँग पालिका प्रमुख कार्यक्रमबाट ई-लोडिङ रिक्सा दियौं । यसले धेरै समस्या समाधान गरेको मैले देखिरहेको छु । सम्पूर्ण समुहले उत्पादन गरेको चिजलाई रिक्सामा लिएर लगभग १२ देखी १५ क्वीन्टल क्षमताको हामीले ई-लोडिङ रिक्सा दिएका छौं । यो समस्यालाई समाधान गर्नुपर्छ । किसानलाई समन्वयको काम गरिदिनुपर्छ । हामीले आगामी वर्षका लागि नीति बनाएका छौं । हामीले एउटा हाट बजार सञ्चालनमा ल्याईसक्यौं । हाम्रो मुख्य उद्देश्य के हो भनेपछि जतिपनि किसानले उत्पादन गरेका चिजहरु छन्, त्यसलाई हाट बजारमा लगेर बिक्री गर्नुहुन्छ । हाट बजार हामीले एउटा सहकारीलाई जिम्मा दिएका छौं । सबैतिर सरकारले हेर्न नसक्ने भएको हुनाले हाम्रो चाही अनुगमन र नियमन सहकारीलाई जिम्मा दिएका छौं र बैजनाथ-३ मा प्रत्येक शुक्रबार हाट बजार लागिरहेको अवस्था छ । जतिपनि चिजहरु उत्पादन भएका छन्, त्यहाँ किसानले ल्याएर बेचिरहेको अवस्था छ । अझै ब्यवस्थित बनाउनको लागि गोदाम बनाउनुपर्छ भन्ने सोच राखेर गोदाम पनि बनाईसकेका छौं । हाट बजार समितिलाई हामीले ई-लोडिङ रिक्सा दिदैछौं । किसानले उत्पादन गरेका उत्पादनलाई उहाँहरुले खरिद गरिदिने र खरिद गरिसकेपछि डिपो, कोहलपुर तरकारी संकलन केन्द्रसम्म लैजान समन्वय गरिदिने, अन्य आर्थिक सहयोगका कुरा, नीतिगत सहयोगका कुराहरु गाउँपालिकाले गर्ने र बाँकी कुरा किसानका उत्पादनका चिजहरु उहाँहरुले संकलन गरेर बेचिदिने भन्नेछ ।

**स्थानीय सरकारले किसानका लागि थुप्रै काम गरेको छ, तथापी यहाँका किसानहरुका आशा र अपेक्षा कस्तो पाउनु भएको छ ?**

धेरै किसानले भनिरहनु भएको छ, बैजनाथ सरकारले राम्रो काम गरिरहेको छ । विगतको सरकारको पालामा यस्तो पाएनौं र कुनैपनि स्थानीय तहमा बुझ्नुहुन्छ । अन्यत्र बुझ्दाखेरी बैजनाथ गाउँपालिकामा मात्रै किसानलाई यस्तो सुविधा रहेको कुरा थाहा पाउनु हुन्छ । किसानहरु भन्नु हुन्छ, यो सरकारले राम्रो गरिरहेको छ । अझै ब्यवस्थित रुपमा सञ्चालन गर्नुपर्छ । केही बजेटहरु समयमा खर्च गर्ने । कतिपय कुराको ठेक्का ई-बिडिङको कुराले समयमै यान्त्रीकरण किसानले पाईरहेको अवस्था छैन ।

ठेक्का खुल्ने, कतिपय ठेक्काहरु नमिल्ने, नमिलेपछि फेरी रद्ध गर्नुपर्ने, फेरी सूचना खोल्नुपर्ने, त्यसले ३० दिन, ४५ दिन, फेरी १५ दिन गरेर लगभग २ महिना समय लाग्छ। त्यो अवस्थाले पनि अलिकति समस्या परेको हुनाले हामीलाई प्रविधीसँग जोड्नु हुन्छ भने समयमै मल, बीउ दिनुस्, समयमै यान्त्रीकरण दिनुस् भन्ने खालको कुरा उहाँहरुबाट अपेक्षा हुन्छ र भनिरहनु भएको छ। त्यसलाई नै मध्यनजर गरेर हामीले किसानसँग पालिका प्रमुख कार्यक्रमले अहिले चाही एउटा अर्कै कार्यविधी बनाएर किसानले सिधैं खरिद गर्ने। किसानहरुले बजार मुल्य बुझ्नुहुन्छ। मुल्य बुझेपछि कम दररेटमा हामीले कायम गरिदिन्छौं। त्यो दररेटमा मेकानिकल इन्जिनियरको स्पेस छ, त्यो स्पेस अनुसार किसानहरुले सामान ल्याउने, ३० प्रतिशत सिधैं कम्पनीलाई बुझाउनु हुन्छ, बाँकी रहेको ल्याएर स्पेस अनुसार फोटो देखाउनु भयो भने हामीले चाही सहयोग गरिदिन्छौं। किसानले जो पसलबाट किन्न चाहनुहुन्छ, उहाँ आफैले किन्नुहुन्छ। यो कार्यविधीले गर्दा अब अर्को सालदेखी किसानले समयमै यान्त्रीकरण पाउँछन्।

**बैजनाथ गाउँपालिकामा अझै कृषि र पशुपालनका लागि गर्नुपर्ने काम के के देख्नु भएको छ ?**

बैजनाथमा अझै कृषि र पशुपालक किसानका लागि विशेषगरी मल र बीउको कुरा छ। सरकारले दिएको मल त्यति चाही पर्याप्त मात्रामा छैन। मलको लागि पनि केही हदसम्म स्थानीय सरकारले पनि बजेट छुट्याएर दिनुपर्छ कि भन्ने खालको कुरा छ। एउटा चाही ठुलो समस्याको रुपमा मलको कुरा पनि आएको छ। अर्को चाही सिंचाईको कुरा आएको छ। सिंचाईलाई हामीले ब्यवस्थित गर्नको लागि सानो पुँजीले ठुलो सिंचाई हुदैन। हामीले सामान्य दुई/तीन लाख, डेढ लाख खर्च गरेर सिंचाईको ब्यवस्था गरिरहेका छौं। यसलाई बृहत रुपमा सञ्चालन गर्नको लागि संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरेर ३ वटा डिप बोरिङ हालेका छौं। अन्य वडामा पनि सयौं विघा क्षेत्रमा सिंचाई हुने खालको डिप बोरिङको ब्यवस्था गरेर किसानलाई सिंचाईबाट पनि अगाडी बढाएपछि अझै कृषिमा आमुल परिवर्तन आउनेछ।

**अब अन्त्यमा, बैजनाथ गाउँपालिका क्षेत्रका आम किसानलाई यहाँले के भन्न चाहनुहुन्छ ?**

म विशेष गरेर बैजनाथ सरकार किसानमुखी भएको छ। किसानका पिरमर्का बुझेको छ। किसानसँग पालिका प्रमुख कार्यक्रम हामीले सञ्चालन गरेका छौं। काम गर्नको लागि कार्यविधी बनाएका छौं। कुनै ठाउँमा ५० प्रतिशत अनुदान छ, कतै ७० प्रतिशत अनुदान छ। हामीले ७० प्रतिशत स्थानीय सरकारले ब्यहोर्ने र ३० प्रतिशत किसानले नीति ल्याएका छौं। अर्को अति विपन्न किसानलाई पूर्ण अनुदानमा पनि काम गरेका छौं। हामीले समग्र किसानहरु ठुला किसान, साना किसान, मझौला किसान र विपन्न किसानलाई समेटेका छौं। किसानसँग पालिका प्रमुख कार्यक्रममा सबै थरीका किसानलाई समेटेका छौं। स्थानीय सरकारको अपनत्व सबै किसानले लिनुपर्छ भनेर कार्यक्रम ल्याएका छौं। कस्लाई के दिदाँ किसान समेटिनुहुन्छ अथवा अनुदान लिन पाउनुहुन्छ भन्ने खालका कार्यक्रम ल्याएका छौं। सोही अनुसार हामी अगाडी बढेका छौं। किसानलाई म के भन्छु भने तपाईहरु गर्नुस्। तपाईलाई हेर्ने सरकार छ, लगानी गर्ने सरकार छ। तपाईलाई प्रविधीसँग जोड्ने काम हामीले गरिरहेका छौं। तपाईले जुन प्रविधी पाउनु भएको छ, त्यसलाई प्रयोग गरिदिनुस्। स्थानीय सरकारले किसानबाट प्रतिफल चाहन्छ। हामीले कुनै लगानी गरेका छौं भने त्यसको प्रतिफल के पाउने भन्ने कुरा हो। लगानी अनुसारको उत्पादन बढाउनुपर्‍यो। सरकारले गरेको लगानी अनुसार प्रतिफल दिनुभयो भने यो नै हामीले गरेको ठिक छ भन्ने कुरा हुन्छ। तपाईहरु ढुक्क हुनुस्। आफ्नो कर्म गर्नुस्। नीति र विधी बनाएर आम कृषि र पशुका किसानलाई यो सरकारले प्रविधीसँग जोड्नेछ, यान्त्रीकरणसँग जोड्नेछ। हरेक काममा सरकारले सहयोग गर्नेछ भन्नेमा किसानसमक्ष बाचा गर्दछु। *–प्रस्तुती : अर्जुन ओली*


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- ✓ धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगयातका दीर्घकालिन रोग लाग्न सक्छ।
- ✓ आफू, परिवार तथा समाजका अन्य ब्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- ✓ कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- ✓ धुम्रपान गर्नेहरूको संगतबाट टाढा रहौं।
- ✓ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ।

***त्यसैले, धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।***

# “कृषिकर्म गरेर आत्मनिर्भर बन्न सकिन्छ”




**निर्मला रोकाय**
उपाध्यक्ष, बैजनाथ गाउँपालिका, बाँके

*दिदी बहिनीहरुलाई म के भन्छु भने म पटक पटक गाउँघरमा पनि पुग्छु । उहाँहरुले दिनभरी तरकारी बेच्नुहुन्छ, तरकारी पनि लगाउनु हुन्छ, तरकारी टिपेर बजार पनि पुर्‍याउनु हुन्छ, तर उहाँहरु आफु मालिक हो भन्न सक्नु भएको छैन । मालिक चाही श्रीमान जो घरमा हुनुहुन्छ, उहाँलाई नै मालिक हुनुहुन्छ भनेर भन्नु हुन्छ । बेचेको पैसा चाही घरमै हामी एकमुस्ट दिन्छौं भनेर भन्नु हुन्छ ।*

**बैजनाथ गाउँपालिका क्षेत्र कृषिका लागि उर्बर पनि मानिन्छ। कृषि क्षेत्रमा गाउँपालिकाले धेरै बजेट खर्च गरिरहँदा किसानमा कत्तिको परिवर्तन आएको छ ?**

हामीलाई पनि खुसी लाग्छ। किसानको खेतबारीमा पनि हामी पुग्छौं। बैजनाथ गाउँपालिकाले किसानसँग पालिका प्रमुखसँग जोडेर गरेका कामहरु छ, यो चाही किसानमैत्री भएको छ । किसानहरु एकदमै हर्षित छन्, खुसी पनि छन् । कतिपय युवाहरु बैदेशिक रोजगारीको शिलशिलामा विदेशिने युवाहरु पनि रोकिएको अवस्था हामीले पाइरहेका छौं । युवाहरुले ब्यवसायिक रुपमा जुन बैजनाथ गाउँपालिकाको सहयोगमा भएका कार्यक्रमहरुलाई आफुले लिएर यही केही ब्यवसाय सञ्चालन गर्नु भएको छ। जस्तै उदाहरणको लागि २/३ जना युवा किसानहरु हुनुहुन्छ। उहाँहरुले त झन् गाउँपालिकाबाट पाएको यान्त्रिकरण, अटोरिक्सा, विभिन्न बीउ बिजन, उहाँहरुलाई त्यो सम्बन्धी ज्ञान सिपका तालिमहरु । यि सबै जोड्दा युवा जनशक्ति पनि अहिले यहाँको कृषि पेशामा जोडिएको छ।

किसानले उत्पादन गरेको बस्तु बिक्री गर्न बजारीकरणका लागि हामीले सहजता गराइदिएका छौं। जुन ति किसानसँग बुझ्दा उहाँहरुले ५/६ कठ्ठामा रोपेको तरबुजा खेती मात्रै ७०/८० क्वीन्टल बिक्री गरिम भनेर हामीलाई भन्नु भएको छ, त्यो पनि बैजनाथको एउटा शान हो । किसानहरु आत्मनिर्भर बन्नु भएको छ। यसको लागि चाही अब त्यो किसानले पनि बोल्छ, बनावटी भन्दापनि बास्तविक किसानले गर्नु भएको छ। यसमा जनगुनासो पनि आउने गरेको छ आउन त। जो किसानहरु आफुले काम गर्नु हुदैन, मैले पाएन भन्ने कुरा आउँछ। हामीले त्यस्तो कुरामा के भन्छौं भने वास्तविक गर्ने किसानले लिने हो यो कुरा । हामीले विज्ञापन गर्छौ, सूचना निकाल्छौं । वास्तविक जो किसानले गर्नु भएको छ, त्यही किसानले लिने हो । उ आत्मनिर्भर बन्ने हो । नगरेको किसानलाई त हामीले पनि कसरी घरमा लगेर दिने ? त्यो कुरामा चाही जनगुनासो आईरहेको छ। तर, बैजनाथमा धेरै युवा शक्ती पनि कृषि पेशामा आत्मनिर्भर भएको छ।

**कतिपय महिलाहरु बैजनाथमा फलाएका तरकारीहरु कोहलपुर र नेपालगन्जसम्म पुग्नु हुन्छ, उहाँहरुको मेहेनतलाई यहाँले कसरी हेर्नु भएको छ ?**

जुन यहाँका महिला दिदी बहिनीहरुले गर्नु भएको छ। त्यो उहाँहरुको पेशाप्रति एकदमै सलुट गर्छु। दिदी बहिनीहरुलाई पनि म के भन्छु भने जुन एउटा टोकरीमा बोकेर त्यो तरकारी बिहानको ४ बजे नेपालगन्जको धम्बोझीमा बस्नु भएको हुन्छ। कोहलपुरको कृषि बजारमा पनि प्रत्येक पुग्नु भएको हुन्छ। घर घरमा लगेर पनि तरकारी बेच्नु हुन्छ। उहाँहरुको पेशाप्रति पनि म सम्मान गर्छु। दिदी बहिनीहरुलाई म के भन्छु भने म पटक पटक गाउँघर मा पनि पुग्छु। उहाँहरुले दिनभरी तरकारी बेच्नुहुन्छ, तरकारी पनि लगाउनु हुन्छ, तरकारी टिपेर बजार पनि पुर्याउनु हुन्छ, तर उहाँहरु आफु मालिक हो भन्न सक्नु भएको छैन।

मालिक चाही श्रीमान जो घरमा हुनुहुन्छ, उहाँलाई नै मालिक हुनुहुन्छ भनेर भन्नु हुन्छ। बेचेको पैसा चाही घरमै हामी एकमुस्ट दिन्छौं भनेर भन्नु हुन्छ। हामी पैसा राख्दैनौ भनेर भन्नु हुन्छ। मैले कतिपय अवस्थामा भेटेको पनि छु। उहाँहरुलाई मैले पैसा राख्ने बानी बसाल्नुस् भनेर पनि सम्झाएको छु। आफु पनि बचत गर्नुस् भनेर भनेको छु। उहाँहरुको पेशाप्रति मैले दिदी बहिनीलाई भन्छु। विदेशमा पनि रुख हुदैन। विदेश जाने कुरा गर्दा यही बैजनाथमा कृषि पेशामा लाग्नुस्। कसैले बाख्रा फार्म, भैसी फार्मदेखी लिएर तरकारी खेती त्यो भनेको पनि एकदमै दिदी बहिनीलाई रोजगारीमा जोड्ने किसिमको कामहरु हो। कृषिकर्म गरेर आत्मनिर्भर बन्न सकिन्छ, त्यसरी लाग्नुस भनेर म चाही सल्लाह सुझाव दिन्छु। महिलाले सानो सानो पेशा गर्नु भएको छ।

**गाउँपालिकाले त्यसरी कृषि पेशा गरिरहेका किसान, विशेषगरी महिला किसानलाई गाउँपालिकाले समेटेको अवस्था छ ?**

महिला किसानलाई भनेर छुट्टै कार्यक्रम छैन। हामीले त किसान भनेर महिला र पुरुष सबै सक्रिय किसानलाई भनेर गरेका छौं। तर, अब झन् महिलाको लागि पनि छुट्टै प्याकेज ल्याउनुपर्छ कि जस्तो पनि लाग्छ। किनभने त्यो आत्मनिर्भर बनेका छन् नि तिनीहरुलाई अझै आत्मबल बढ्ने किसिमका कार्यहरु गरिदिनुपर्छ जस्तो लाग्छ। हामीले यसवर्ष १ सय जना जति किसानलाई सम्मान पनि गरिसकेका छौं। जुन पेशागत रुपमा लाग्नु भएको छ, उहाँहरुलाई हामीले तपाईको यो कृषि पेशाप्रति बैजनाथ गाउँपालिका आभारी छ भनेर सम्मान गरेका थियौं। महिलालाई अगाडी बढाउनलाई विभिन्न क्षेत्रगत रुपमा जुन कृषि पेशादेखी लिएर अन्य सिपमुलक तालिमहरुमा जोडेर अगाडी बडाउनुपर्छ भन्ने कुरामा चाही हामी लाग्नुपर्छ जस्तो लाग्छ। कृषि पेशा मात्रै नभएर अन्य आत्मनिर्भर हुने कार्यक्रम पनि बैजनाथ गाउँपालिकाले थुप्रो चलायो।

**गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम लगातार सञ्चालन गर्दै आएको छ। त्यसको परिणाम बाहिरबाट हेर्दा देखिने खालको केही छ ?**

विशेष त त्यो कार्यक्रममा लागि हामीले कृषि क्षेत्रमा थुप्रो कार्यक्रम जोडेका छौं। प्रभावकारी भन्ने कुरामा त्यो जनताले पनि बुझ्ने कुरा हो। झ्वाट्टै किसानहरु सक्रिय हुनु भएको छ। जति बैजनाथका किसानहरु सक्रिय हुनु हुन्छ, बैजनाथका किसानले उत्पादन गरेका तरकारी ब्राण्ड नै बनिसकेको छ। नेपालगन्जसम्म पनि सुन्न पाइन्छ, त्यो हाम्रो लागि खुसीको कुरा हो, गौरवको कुरा हो। किसानहरु ब्राण्ड बन्नुको कारण पनि हामीले किसानसँग पालिका प्रमुख कार्यक्रमलाई जोड दिएका छौं। उहाँहरुलाई विभिन्न किसिमले शत प्रतिशत अनुदान, ७० प्रतिशत अनुदानका कार्यक्रम दिएका छौं। कृषि जेटिए सम्बन्धी तालिमहरु थुप्रो दिएका छौं। बैजनाथको ब्राण्ड के त भन्दा, बैजनाथको ब्राण्ड तरकारी अर्ग्यानिक पाउँछ, भन्ने कुरा चाही किसानसँग पालिका प्रमुख कार्यक्रमले हामीलाई त्यो सम्म पुर्याएको छ। अहिले नेपालगन्जमा जादाँ बिहान ४ बजे दिदी बहिनीहरु त्यहाँ पुग्नु हुन्छ। त्यहाँका सबैको मुखबाट सुनिन्छ, बैजनाथको तरकारी अर्ग्यानिक आउँछ भन्ने सुनिएको छ। किसानसँग पालिका प्रमुख कार्यक्रमले एकदमै उत्साहित बनाएको छ। किसानहरुले जाँगर लगाएर अझै लाग्नु भएको छ।

**गाउँपालिकाले किसानहरुलाई उत्पादन गर्न सिकायो, तर यहाँ स्थानीय स्तरमा बजारीकरणमा केही समस्या आएको हो ?**

बजारीकरणको लागि पनि हामी लागेका छौं। बैजनाथ-१ र २ मा पनि तरकारी संकलन केन्द्र त्यहाँ किसानले उत्पादन गरेका तरकारी संकलन गरेर बजारीकरणको लागि पनि हामीले कृषि एम्बुलेन्स ल्याएका छौं। बैजनाथ गाउँपालिका वडा नम्बर ३ मा कृषि हाट बजार निर्माण सम्पन्न भयो। र अहिले त्यसलाई सञ्चालनमा ल्याउनको लागि त्यहाँको वडालाई हस्तान्तरण गरेर वडामार्फत एउटा सहकारीलाई हस्तान्तरण गरेका छौं। त्यो सहकारीले अहिले बजारीकरणको लागि कृषि हाट बजारमा त्यहाँका किसानले के-के उत्पादन गर्नु भएको छ, के-के तरकारी संकलन हुन्छ ? सहकारीले कृषि एम्बुलेन्सको पनि एउटा मापदण्ड छ। यो मापदण्ड अनुसार सहकारी, कृषि समुह, आवश्यकता परेमा कृषि समुहका दिदी बहिनीले माग गरे वापत हामीले एम्बुलेन्सको पनि व्यवस्थापन गरि दिएका छौं। संघिय कृषि हाट बजारका प्रतिनिधिसँग समन्वय गरेर किसान कार्ड वितरणमा सहजीकरण गरेका छौं। तरकारी संकलन केन्द्र चाही हामीले प्रत्येक वडामा निर्माण गर्दैछौं।




कृषि यान्त्रीकरण हस्तान्तरण गर्दै गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाही, कृषि शाखा प्रमुख प्रमोदकुमार विश्वकर्मा ।

# किसानसँग पालिका प्रमुख कार्यक्रम : कृषि र पशुपंक्षी विकासमा अनुदानको ओईरो



*गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा किसानसँग पालिका प्रमुख कार्यक्रमका लागि कृषि र पशुपालनमा गरेर झण्डै ५ करोड २० लाख बजेट विनियोजन गरिएको थियो । उक्त बजेटबाट ९० प्रतिशत योजना तथा कार्यक्रम सम्पन्न भएको उहाँले जानकारी दिनुभयो ।*

✍ अर्जुन ओली

बैजनाथ-२ का किसान भरत न्यौपाने कृषिमा पसिना बगाउनुहुन्छ । उमा एकिकृत कृषि तथा पशुपंक्षी फर्मको प्रोप्राईटर रहनु भएका उहाँले कृषि कर्म गरेकै कारण बैजनाथ गाउँपालिकाको किसानसँग पालिका प्रमुख कार्यक्रमबाट आर्थिक वर्ष २०८१/०८२ मा पावर टिलर पाउनुभयो । पावरटिलर पाउँदा उहाँलाई कृषि कर्म गर्न थप सहज भएको छ । गाउँपालिका परिसर मा भेटिनु भएका उहाँले भन्नुभयो, 'पावर टिलर पाएपछि अब खेती गर्न धेरै सजिलो हुने भयो, किसानसँग पालिका प्रमुख कार्यक्रम हामी किसानका लागि एकदमै राम्रो छ ।'

उहाँले आफ्नो करिव १० कठ्ठा जमिनमा मकै खेती गर्नु भएको छ । भैसी पालन समेत गर्नु भएका उहाँले हिउँदे र बर्खे घाँस समेत रोप्नु हुन्छ । घाँस रोप्नका लागि जोत खन गर्न, मल ढुवानी गर्न, भैसीको दाना बोक्न, उत्पादित अन्नबाली स्याहार्न, धान रोप्न र काट्न पावर टिलरले सहजता ल्याउने उहाँको विश्वास छ । फर्ममा अहिले सानो र ठुलो गरी ३२ वटा भैसी छन् । किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत विगतका वर्षमा पनि ५० प्रतिशत अनुदानमा कम्माईन मिल, ७० प्रतिशत अनुदानमा घाँस काट्ने मेसिन र ७० प्रतिशत अनुदानमा भैसी प्राप्त गरेको उहाँले बताउनुभयो ।

बैजनाथ-८ थपुवाका किसान खेमनारायण चपाईले यसअघि खेतबारी जोताउँदा ट्यांकरलाई महंगो रकम तिर्नुहुन्थ्यो । गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत 'निरज खेमनारायण कृषि तथा पशुपंक्षी फर्म' का सञ्चालन समेत रहनु भएका उहाँलाई पनि ७० प्रतिशत अनुदानमा २०८१/०८२ मा पावर टिलर दिएको छ । पावर टिलर पाएपछि उहाँ धेरै हर्षित हुनुहुन्छ । 'गतवर्ष पनि मैले पावर टिलर नै माग गरेको थिए, गतवर्ष म छनोटमा पर्न सकेन, यो वर्ष छनोटमा परेर पावर टिलर पाएको छु,' उहाँले भन्नुभयो, 'यो कार्यक्रमको छनोटमा परेर पावर टिलर पाएपछि अब मैले आफ्नो जमिन आफै जोत्न सक्छु ।' उहाँले आफ्नो २ विघा र अरुको थप ३ विघा गरी ५ विघा जमिनमा

खेती गर्दै आउनु भएको छ । गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत हरेक वर्ष यसरी नै किसानलाई ७० प्रतिशत अनुदानमा पावर टिलर वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०८१/०८२ मा मात्रै गाउँपालिकाले उक्त कार्यक्रममार्फत २२ जना किसानलाई पावर टिलर वितरण गरेको कृषि शाखा प्रमुख प्रमोदकुमार विश्वकर्मा बताउनुहुन्छ । 'किसानलाई कृषिको काम गर्न सहज होस् भनेर नै हामीले यसवर्ष पनि ७० प्रतिशत अनुदानमा पावर टिलर वितरण गरेका हौं,' उहाँले भन्नुभयो । उहाँका अनुसार सोही आर्थिक वर्ष १ सय २ जना किसानलाई पनि मिनी टिलर ७० प्रतिशत अनुदानमै वितरण गरिएको छ ।

गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा कृषि र पशुपालनमा सक्रिय रहेका किसानलाई उक्त कार्यक्रममार्फत विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। एक करोड विनियोजित बजेट मध्येबाट किसानका लागि २२ वटा पावर टिलर र १ सय २ वटा मिनी टिलर खरिद गरेर वितरण गरिएको छ। उक्त कार्यक्रममार्फत ढुवानीका लागि ७० प्रतिशत अनुदानमा ३० लाख बजेट मध्ये बाट १३ वटा इ-लोडिङ अटोरिक्सा वितरण गरिएको छ। यस्तै ७० प्रतिशत अनुदानमा २० लाख बजेट मध्येबाट बिद्युतीय चारा मेसिन वितरण कार्यक्रम गरिएको छ। गाउँपालिकाले विनियोजन गरेको ३ लाख रुपैयाँ मध्येबाट किसानलाई ७० प्रतिशत अनुदानमा च्याउको बीउ वितरण गरेको छ। पोषणका लागि विनियोजित ३ लाख बजेटबाट लक्षित वर्ग (दलित, अल्पसंख्यक, पिछडा)लाई तरकारी कम्पोजित प्याकेट वितरण गरिएको छ । किसानलाई ७० प्रतिशित अनुदानमा विनियोजित १० लाख बजेटबाट हिउँदे घाँसको विरुवा र ३ लाख बजेट मध्येबाट बर्खे घाँसको बीउ वितरण गरिएको छ।

यस्तै ४ लाख रुपैयाँको लागतमा कृषि सम्बन्धी मागमा आधारित कार्यक्रम सञ्चालन, १ लाख ५० हजार विनियोजित बजेट मध्येबाट किसान कल सेन्टर सञ्चालन तथा ब्यवस्थापन, विनियोजित १ लाख रुपैयाँ मध्येबाट पालिकामा निर्मित नमुना बगैचा ब्यवस्थापन, सिंचाई कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा ७ लाख बजेटबाट कटन/प्लाष्टिक डेलिभरी पाईप वितरण, सिंचाई कार्यक्रम अन्तर्गत ७ लाख बजेटबाट ७० प्रतिशत अनुदानमा पम्पसेट वितरण, ७० प्रतिशत अनुदानमा ७ लाख बजेटबाट लालटिन मोटर वितरण, सिंचाई बाँध मर्मत तथा तटबन्ध निर्माणमा २० लाख बजेट मध्येबाट निर्माण सम्पन्न भएको छ। यसैगरी अनुदान कार्यक्रम, ७ लाख विनियोजित बजेट मध्येबाट सुरक्षित स्वस्थकर फ्रेस हाउस निर्माण कार्यक्रम गरिएको छ । विपन्न वर्गका बाख्रा पालक किसानलाई १० लाख बजेट मध्येबाट खोर सुधार कार्यक्रम, साना व्यवसायिक गाई, भैसी पालक किसानलाई १० लाख बजेट मध्येबाट दुध बोक्ने क्यान वितरण गरिएको पशु शाखा प्रमुख बालकृष्ण चौधरी बताउनुहुन्छ।

यस्तै सिंचाई कार्यक्रम अन्तर्गत ३० लाख बजेट मध्ये बाट ७० प्रतिशत अनुदानमा स्यालो ट्यूवेल निर्माण, विपन्न वर्गका किसानलाई २० लाख बजेट मध्येबाट बाख्रा वितरण, विपन्न वर्गका किसानलाई १० लाख बजेट मध्येबाट स्थानीय कुखुरा विकास कार्यक्रम, सिंचाई कार्यक्रम अन्तर्गत अति विपन्न किसानलाई १० लाख बजेट मध्येबाट निःशुल्क स्यालो ट्यूवेल जडान गरिएको छ । बैजनाथ-१ र ३ मा १५ लाख रुपैयाँको लागतमा हाट बजार सञ्चालन  तथा ब्यवस्थापन गरिएको छ । पशु बाख्राका लागि उक्त कार्यक्रममार्फत २० लाख विनियोजित बजेट मध्येबाट डुड निर्माणको काम सम्पन्न भएको छ। यस्तै ३० हजार बजेट मध्येबाट मोइस्चर मिटर खरिद गरिएको छ।

गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा किसानसँग पालिका प्रमुख कार्यक्रमका लागि कृषि र पशुपालनमा गरेर झण्डै ५ करोड २० लाख बजेट विनियोजन गरिएको थियो । उक्त बजेटबाट ९० प्रतिशत योजना तथा कार्यक्रम सम्पन्न भएको उहाँले जानकारी दिनुभयो । 'सामाजिक कार्यमा भूमिका निर्वाह गर्दै गर्दा, स्थानीय तहको निर्वाचनमा हामी निर्वाचित हुदै गर्दा यो क्षेत्र विशेषगरी कृषियोग्य र पशु पालनको लागि एकदमै पकेट क्षेत्र भएको, यहाँका ७० देखी ७५ प्रतिशत किसानहरु कृषि र पशु व्यवसायमा संलग्न भएको देखिएको हुनाले यो सरकारले किसानसँग पालिका प्रमुख कार्यक्रम ल्याएको हो, यसमा साना, ठुला र मध्यम किसान जोडिन पाउन भन्ने उद्धेश्यले ७० प्रतिशत अनुदान ल्याएका हौं,' अध्यक्ष शाहीले भन्नुभयो, 'कृषि यान्त्रीकरणमा जोड्दै किसानलाई मिनी टिलर र पावर टिलर दिएका छौं, इ-लोडिङ रिक्सा दिएका छौं, हामीले विगतमा १३ वटा बाँड्यौं, अहिले पनि १३ वटा इ-लोडिङ रिक्सा बाँडेका छौं, विशेषगरी किसानको आवश्यकतालाई मध्यनजर गरेर पम्पसेट, लालटिन मोटर, डेलिभरी पाईप, मल्चिङ प्लाष्टिक, विभिन्न किसिमका कृषिलाई जोडेर उत्पादनसँग जोड्ने, किसानको मेहेनतलाई उत्पादनमा जोडेपछि केही न केही स्वरोजगार बन्नुहुन्छ भन्ने यसको मुख्य उद्देश्य हो ।'

किसानसँग पालिका प्रमुख कार्यक्रमबाट पम्पसेट, लालटिन मोटर, डेलिभरी पाईप प्राप्त गरेका किसानले समयमै खेत रोप्न पाएको अध्यक्ष शाही बताउनुहुन्छ । 'हामी चाहन्छौं, प्रत्येक किसानको घरमा मिनी टिलर र पावर टिलर होस्, कृषिको माध्यमद्धारा नै बैजनाथलाई आर्थिक क्रान्तिमा ल्याउन सकिन्छ भन्ने उद्धेश्यका साथ यो सरकार लागिपरेको छ, हामीले अब किसानलाई मेकानिकल सम्बन्धी तालिम पनि दिने सोच बनाएका छौं, प्रत्येक किसानलाई हामी तालिम दिन्छौं,' अध्यक्ष शाहीले भन्नुभयो ।



नेपालगन्जमा तरकारी बेच्दै बैजनाथ गाउँपालिकाका किसान महिलाहरु ।

# बैजनाथको अर्को परिचय, अर्ग्यानिक तरकारीको भण्डार

*कोहलपुरको हाट बजार र नेपालगन्जको धम्बोझी क्षेत्रमा बिहानै तरकारी बेच्ने बैजनाथका किसानको मेला नै लाग्ने गर्छ । त्यहाँ तरकारी किन्नका लागि मर्निङ वाकमा निस्कने ब्यक्तिदेखी लिएर टाढा-टाढाबाट समेत उपभोक्ताहरु आउने गर्छन् । नेपालगन्ज उपमहानगरपालिकाले बिहानभर तरकारी बिक्री गर्नेहरुलाई सहज वातावरण बनाइदिएको तरकारी किसानहरु बताउँछन् । पछिल्लो समयमा बैजनाथको तरकारीले आफ्नो ब्राण्ड नै बनाईसकेको छ ।*

बैजनाथ गाउँपालिकाले पछिल्लो समयमा फरक परिचय बनाएको छ, अर्ग्यानिक तरकारीको भण्डार । नेपालगन्ज र कोहलपुरमा तरकारीका उपभोक्ताहरु बैजनाथमा उत्पादन भएको तरकारी बढी रुचाउँछन् । बैजनाथको तरकारी अर्ग्यानिक हुने भएकाले उपभोक्ताको विश्वास कायम रहेको हो ।

बैजनाथ-८ फत्तेनगरका किसान अर्जुन चौधरीको खेतबारीमा बाह्रै महिना तरकारी लटरम्म फल्छ । मेहेनत अनुसार तरकारीले राम्रो आम्दानी दिएपछि उनले मौसमी र बेमौसमी तरकारी खेती गर्नु भएको हो । तरकारी खेतीका लागि गाउँपालिकाले उनलाई आवश्यक सामाग्री र बीउ, बिजन समुहमार्फत प्रदान गरेको छ । यसले गर्दा उहाँलाई तरकारी खेती गर्न उर्जा मिलेको छ । 'म सँग कुल ९ कठ्ठा जति जमिन छ, यस मध्ये ३/४ कठ्ठामा तरकारी खेती गरेको छु, यति थोरै जमिनमा तरकारी खेती गरेपनि बर्षभरी मेरो घरको सम्पूर्ण खर्च धानेको छ,' उहाँले भन्नुभयो । आफ्नो बारीमा उहाँले मकै, काक्रो, फर्सी, लौका, बोडी फलाउनु हुन्छ । उत्पादन भएको तरकारी कोहलपुर लगेर आफैले बिक्री गर्नुहुन्छ ।

फत्तेनगरका महाबीर चौधरीले पनि तरकारी बेचेर दैनिक २ हजार ५ सय देखी ३ हजार रुपैयाँ सम्म आम्दानी गरिरहनु भएको छ । 'हरेक दिन बिहान हाम्रो गाउँबाट ४ वटा इलेक्ट्रीक रिक्सा र एउटा बोलेर गाडीमा तरकारी लोड हुन्छ, यो तरकारी नेपालगन्ज र कोहलपुरमा बिक्री हुन्छ,' उहाँले भन्नुभयो । उत्पादन भएको तरकारी बिक्री गर्न उहाँको बुहारी कहिले नेपालगन्ज त कहिले कोहलपुर पुग्नु हुन्छ । उक्त गाउँबाट हरेक दिन ३५/४०

जना किसानहरु तरकारी बेच्न नेपालगन्ज र कोहलपुर जाने गर्छन् । बैजनाथमा उत्पादन भएको तरकारी उपभोक्ताको रोजाईमा पर्ने गरेको छ । बैजनाथको अर्ग्यानिक तरकारी खोज्दै उपभोक्ताहरु नेपालगन्जको धम्बोझीस्थित सुर्खेत रोड किनार र कोहलपुरको हाट बजारमा झमिन्छन् ।

कोहलपुरको हाट बजार र नेपालगन्जको धम्बोझी क्षेत्रमा बिहानै तरकारी बेच्ने बैजनाथका किसानको मेला नै लाग्ने गर्छ । त्यहाँ तरकारी किन्नका लागि मर्निङ वाकमा निस्कने ब्यक्तिदेखी लिएर टाढा-टाढाबाट समेत उपभोक्ताहरु आउने गर्छन् । नेपालगन्ज उपमहानगरपालिकाले बिहानभर तरकारी बिक्री गर्नेहरुलाई सहज वातावरण बनाइदिएको तरकारी किसानहरु बताउँछन् । पछिल्लो समयमा बैजनाथको तरकारीले आफ्नो ब्राण्ड नै बनाइसकेको छ ।

बैजनाथ-८ फत्तेनगरकै देवीराम चौधरी पुर्वशिक्षक हुनुहुन्छ । केही वर्षअघि सेवा निवृत भएपछि उहाँ कृषि पेशामा रमाईरहनु भएको छ । करिव ४ विघा जमिन भएकोमा ५ कठ्ठा जति जमिनमा तरकारी खेती गर्नुहुन्छ । खेती लगाउँदा होस् या स्याहार्दा होस्, सबै काम आफैले गर्नुहुन्छ । उत्पादन गरेको तर कारी कोहलपुर पुर्‍याउनु हुन्छ । उहाँ एकातिर मासिक पेन्सन बुझ्नुहुन्छ, भने अर्कोतिर दैनिक रुपमा तरकारी बेचेर मनग्य आम्दानी गरिरहनु भएको छ । 'मेहेनत अनुसार कृषिले राम्रै आम्दानी दिएको छ, मैले जति पेन्सन रकम बुझ्छु, त्यो भन्दा बढी पैसा कृषि कर्मले मलाई दिइरहेको छ,' देवीरामले भन्नुभयो ।

बैजनाथ-८ स्थित टिटिहिरिया गाउँका किसानहरु एकाबिहानै कोहलपुर र नेपालगन्ज पुग्छन् । त्यही भिडमा हुनुहुन्छ, रामकृष्णी थारु । उमेरले ५० वर्षकी उनी गाउँका छिमेकीहरुसँग मिलेर तरकारी बेच्न निस्किनुहुन्छ । आफ्नो १२ कठ्ठा जमिनमा उहाँले मौसमी र बेमौसमी टमाटर, आलु, बोडी, करेला, खुर्सानी, साग, फर्सी, लौका बाह्रै महिना फलाउनु हुन्छ । तरकारी खेतीसँगै रामकृष्णीले बाख्रा पालन पनि गर्नु भएको छ । तरकारी र ब्राखा पालन ब्यवसायबाट मात्रै तरकारी खेतीबाट मात्रै वार्षिक ५ लाख बराबरको आम्दानी हुने गरेको उहाँले सुनाउनु भयो ।

तरकारी खेती गर्नका लागि उहाँलाई कृषि सम्बन्धी सामान्य जानकारी छ । 'कृषि सम्बन्धी तालिम पनि लिएको छु, तर सामान्य जानकारी मात्रै छ,' उहाँले भन्नुभयो, 'काम गर्दा गर्दै सिकियो ।' उहाँलाई गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत मोटर, बीउ विजन, स्प्रे ट्यांकी, समरसेवल पम्प जस्ता सामाग्री अनुदानमा दिएको छ । घरमा ८ जनाको खर्च सबै तरकारी खेतीले धानेको रामकृष्णीले सुनाउनु भयो । रामृकृष्णीकी बुहारी राधिका थारु स्थानीय उज्वल महिला कृषक समुहमा आवद्ध हुनुहुन्छ । उक्त समुहले महिलाहरुलाई आत्मनिर्भरतातर्फ डोर्‍याउने गरेको छ ।

सोही गाउँकै शान्ति थारुले आफ्नो ५ जनाको परिवारको खर्च सबै तरकारी खेतीबाट ब्यवस्थापन गरिरहनु भएको छ । उहाँले १० कठ्ठामा लगाएको तरकारी खेतीबाट वार्षिक ३ लाख बढी आम्दानी गरिरहनु भएको छ । 'बिहानै नेपालगन्ज लगेर बेच्छौं, नेपालगन्जमा बैजनाथको तरकारी भन्ने बित्तिकै मान्छेहरु खोज्दै आउँछन्,' उहाँले भन्नुभयो । तरकारी खेती गर्नको लागि गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत समरसे वल पम्प, मिनी टिलर, 'ट्यांक स्प्रे', बीउ बिजन, धान काट्ने मेसिन अनुदानमा दिएको छ । 'गाउँपालिकाले हामीलाई किसानसँग पालिका प्रमुख कार्यक्रमबाट धेरै सहयोग गरेको छ, कृषि पेशा गरिरहेका हामीलाई गाउँपालिकाको सहयोगले थप हौसला मिलेको छ,' उहाँले भन्नुभयो । उहाँ स्थानीय हरियाली महिला कृषि समुहको अध्यक्ष पनि हुनुहुन्छ । उक्त समुहमा गाउँका महिलाहरु आवद्ध हुनुहुन्छ । कुनै समयमा बेरोजगार भएर बसेका महिलाहरु अहिले कृषिमा स्वरोजगार बन्नु भएको छ ।

सबैभन्दा नजिक रहेको सरकार बैजनाथ-८ को वडा कार्यालयले कृषिकर्म गरिरहेका किसानलाई अनुदान वितरण गर्नका लागि गाउँपालिकामा सहजीकरण गरिरहेको छ । बैजनाथ-८ का वडाअध्यक्ष भगन थारुका अनुसार उक्त वडाको टिटिहिरियामा मात्रै ४ सय जना किसान तरकारी खेतीमा आवद्ध छन् । यस्तै थपुवाका २ सय ७५, गुरुदयालपुरका २ सय ५०, झिगौराका १ सय ६५ र फत्तेनगरका १ सय जना जति किसान तरकारी खेतीमा आवद्ध छन् ।

प्रायः सबै किसानलाई कृषि र पशु शाखाको वार्षिक बजेट तथा किसानसँग पालिका प्रमुख कार्यक्रममा जोड्ने काम गरिएको वडाअध्यक्ष थारुले सुनाउनु भयो । धान, गहुँ भन्दा तरकारीमा बढी फाइदा हुने भएकाले सबैको आर्कषण यसमा रहेको बताउनु भयो । उहाँ भन्नुहुन्छ, 'किसानलाई तरकारी उत्पादन गरेर नै बढी फाइदा छ, मेहेनत अनुसार किसानले मुल्य पाउने हो भने अझ धेरै राहत मिल्थ्यो ।' गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत किसानलाई ७० प्रतिशतमा अनुदान वापत हरेक वर्ष सामाग्री वितरण गर्दै आएको छ ।

गाउँपालिकाले किसानको ब्यक्तिगत फर्म, कृषक समुह, सहकारी संस्थामार्फत सिंचाइमा प्रयोग हुने मोटर, पम्पसेट, समरसेवल पम्प, तरकारी ढुवानी गर्ने अटोरिक्सा, 'स्प्रे पम्प', पावर टिलर, मिनी टिलर, डेलिभरी पाइप, बीउ विजन लगायत सामाग्रीहरु दिइरहेको छ ।

'हाम्रो वडाको बजेट सानो हुन्छ, हामीलाई पुर्वाधारको



बैजनाथका किसानले उत्पादन गरेको तरकारी।



बजेट मात्रै आउँछ, वडाबाट हामीले केही गर्न सक्ने अवस्था छैन,' उहाँले भन्नुभयो 'बजेट गाउँपालिकामा हुन्छ, गाउँपालिकाले नै किसानसँग पालिका प्रमुख कार्यक्रम चलाएको छ, हाम्रो सिफारिस अनुसार किसानले अनुदान पाइराख्नु भएको छ।' वडाअध्यक्ष थारुका अनुसार यहाँका किसानहरु, त्यसमा पनि महिला किसानहरु आफुले उत्पादन गरेको तरकारी बेच्न आफै नेपालगन्ज र कोहलपुर पुग्छन्। तरकारी बिक्री गर्न जादाँ सवारी साधनको समस्या रहेको किसानहरु सुनाउँछन्।

बैजनाथ-७ का राजेन्द्रकुमार थारुले गाउँमै बनिता कृषी च्याउ तथा पशुपालन फर्म खोल्नु भएको छ। उहाँसहित १९ जना गाउँमै रहेको हरियाली कृषक समुहमा आवद्ध छन्। उक्त समुहको उहाँ सदस्य हुनुहुन्छ। राजेन्द्रले आफ्नो २ बिघा जमिनमा तरकारी र च्याउ खेती गर्नु भएको छ। 'सुरुमा १२ कठ्ठा जति जमिनमा तरकारी खेती हुन्थ्यो, दुई वर्षदेखी २ बिघा जमिनमा तरकारी खेती गर्छौं,' उहाँले भन्नुभयो। आफ्नो ६ जनाको परिवार तर कारी खेतीमा लागिरहेको राजेन्द्रले सुनाउनु भयो। उत्पादन भएको तरकारी बेच्न उहाँ गाउँदेखी करिव ५ किलोमिटर टाढा रहेको कोहलपुर, हवल्दारपुरमा हरेक दिन पुग्नु हुन्छ। तरकारी खेतीबाट वार्षिक ५ देखी ६ लाख रुपैयाँसम्म आम्दानी हुने गरेको सुनाउनु भयो। ब्यवसायिक तरकारी खेतीमा आवद्ध भईसकेपछि बैजनाथ गाउँपालिकाले टनेल, प्लाष्टिक, बीउ विजन लगायत सामाग्री पाएको उहाँले बताउनु भयो।

बैजनाथ-७ का किसानहरुले प्रायः घरमा तरकारी खेती गरेका छन्। आफ्नो मेहेनतले उनीहरु मनग्य आम्दानी गरिरहेका छन्। बैजनाथ-७ कै मायावती थारु १० कठ्ठा जमिनमा तरकारी खेती गर्नुहुन्छ। बाह्रै महिना आफ्नो खेतबारीबाट लौका, काँक्रो, भिण्डी, करेला, बोडी फलाउनु हुन्छ। तरकारी खेतीबाट वार्षिक रुपमा ४ लाख बढी आम्दानी हुने गरेको उहाँले सुनाउनु भयो। यस्तै उहाँले घरमा भैसी समेत पालेकी छन्। भैसीको दुध बेचेर मासिक ६० देखी ७० हजार रुपैयाँ बराबर आम्दानी गरिरहे को बताउनु भयो।

बैजनाथ-७ का वडाअध्यक्ष दिनेशकुमार चौधरीका अनुसार उक्त वडामा मात्रै करिव १५ वटा जति व्यवसायिक फर्म रहेका छन्। 'आधा जतिले तरकारी खेती गर्छन्, हाम्रो वडामा प्रायः किसानले ५ कठ्ठादेखी २ बिघा जमिनमा तरकारी खेती गरिरहेका छन्।' यहाँबाट दैनिक १० क्वीन्टल भन्दा बढी तरकारी उत्पादन हुन्छ। तरकारी खेती गर्ने किसानलाई पछिल्लो समयमा सिंचाई सम्बन्धी समस्या केही कम भएको वडाअध्यक्ष चौधरीले बताउनुभयो। 'तरकारी उत्पादन गर्ने प्रत्येक किसानको खेत-खेतमा सिक्टाको पानी जाने ब्यवस्था मिलाएका छौं, हाम्रो यहाँ सिक्टाको कोहलपुर शाखाबाट पानी आउँछ, पर्सेनीपुर र पेडारी नालामा पनि पानी रहन्छ, अधिकांस ठाउँमा सिंचाई भइरहेको छ, पर्याप्त रुपमा सिंचाई भइरहेको छ,' उहाँले भन्नुभयो।

बैजनाथ-७ का किसानहरु धेरै मेहेनती रहेको वडाअध्यक्ष चौधरीले बताउनु भयो। 'हामी थारु जातिहरु कृषिमा आश्रित हौं, पहिलेका पुस्ताले भन्थ्ये, पहिले विस्तारै आफुले खानका लागि मात्रै रोप्यौ, पछि ब्यवसायिक रुपले खेती गर्न थालियो,' उहाँले भन्नुभयो। उक्त वडाको पेडारी, प्रभातपुर, करेलपुर, पम्नामपुर गाउँमा तरकारी र बेमौसमी मकै खेती हुने गरेको छ। किसानको उत्पादनलाई बिक्री, वितरण गर्न कठिनाई रहेको बताउनु भयो। वडाअध्यक्ष चौधरीले भन्नुभयो, 'किसानलाई उत्पादनसँगै बजारीकरणमा पनि उत्तिकै सहजीकरण गर्नुपर्छ, हुन त यो बाँके जिल्लाकै समस्या हो,' भारतबाट अधिकतम रुपमा तरकारी आउँछ।' कृषि शाखा प्रमुख प्रमोदकुमार विश्वकर्माले गाउँपालिकाको ८ वटै वडामा रहेका किसानलाई कृषिमा आत्मनिर्भर बनाउन कार्यक्रम सञ्चालन गरिएको बताउनु भयो। मौसमी र बेमौसमी तरकारी उत्पादक किसानलाई प्राविधिक सहयो गसँगै गाउँपालिकाले विभिन्न अनुदान सहयोग गरेको जानकारी दिनुभयो। गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम छुट्टै सञ्चालन गरेर किसानलाई अनुदान दिइरहेको उहाँले बताउनुभयो।



किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदानमा पाएको भैसी देखाउँदै बैजनाथ–४ नौलापुरकी संगिता जिसी ।

# अनेक चुनौती पार गर्दै भैसी पालनमा रमाएकी संगिता

*गाउँमा प्रतिलिटर ९० र कोहलपुरमा लगेर बेचेपछि प्रतिलिटर १ सय रुपैयाँमा बिक्री हुने गरेको संगिताले सुनाउनु भयो । भैसी पालनमा मासिक ४० हजार रुपैयाँ बराबरको खर्च र १ लाख ३० हजार रुपैयाँ बराबरको आम्दानी हुने गरेको छ ।*

घरमा बेरोजगार बनेपछि बैजनाथ-४ नौलापुरकी संगिता जिसीले भैसी पाल्ने निधो गर्नुभयो। २०७४ सालमा उहाँले सुरुमा एउटा भैसी ल्याएर पाल्नुभयो। भैसीसँगै उहाँले दुई वटा गाई पनि थप्नुभयो। सानो रकम लगानी गरेर सुरु गरेको उहाँको भैसी र गाई पालन यसरी फस्टायो कि दुध बिक्री गर्न भ्याई-नभ्याई नै भयो।

त्यसपछि संगिताको मनमा खुलदुली भयो, 'भैसी पालेर पनि स्वरोजगार बन्न सकिदो रहेछ।' २०७७ सालमा उनले फर्म दर्ता गरिन् र नाम राख्नुभयो, 'संगिता गाई भैसी पालन फर्म'। फर्म दर्ता गरेर नै व्यवसायिक रुपमा जमेपछि उहाँले ९ वटा भैसी र ३ वटा उन्नत जातका गाई पाल्न थाल्नु भयो। स्थानीय र मुर्रा जातका भैसी र गाई पाल्न थालेपछि दुध उत्पादन ह्वात्तै बढ्यो। दुध बिक्री गर्न आफु र श्रीमानलाई भ्याई-नभ्याई नै भयो। 'दुध उत्पादन यसरी भयो की हामीलाई धेरै नै उत्साहित बनायो,' संगिताले भन्नुभयो। दुध किन्न कतिपय ग्राहक घरमै आउन थाले। केही दुध बाहिर लगेर बिक्री गर्न थाले। ग्राहकले गाईको भन्दा भैसीको दुध रुचाउने गरेपछि उहाँले ३ वटै गाई बिक्री गरेर भैसी मात्र पाल्न थाल्नुभयो। अहिले उहाँको गोठमा ६ वटा मुर्रा जातका भैसी छन्। यि मध्ये ५ वटा भैसी दुहुना छन्। एउटा भैसीमा रांगा लागेको छ।

अचेल दैनिक ६५ देखी ७० लिटर दुध उत्पादन हुन्छ। 'भैसीले दुध दिन थालेपछि झन्-झन् फुर्ती आइरहेको छ, भैसी


संगिता जिसीले बैजनाथ–४ मा सञ्चालन गरेको भैसी फर्म ।

पालनमा मेहेनत पनि धेरै छ, मेहेनत अनुसारको आम्दानी पनि ठिकै भइरहेको छ,' उहाँले भन्नुभयो । श्रीमान कोहलपुरमा ग्रिल उद्योग चलाउनु हुन्छ, भने संगिताले दिनभरी भैसीको स्याहार गर्ने र बिहान-बेलुका दुध दुहुने काम गर्नुहुन्छ । उत्पादित दुध केही मात्रामा गाउँमै बिक्री हुन्छ भने केहीलाई कोहलपुरतिर लैजानुपर्छ। गाउँमा प्रतिलिटर ९० र कोहलपुरमा लगेर बेचेपछि प्रतिलिटर १ सय रुपैयाँमा बिक्री हुने गरेको संगिताले सुनाउनु भयो । भैसी पालनमा मासिक ४० हजार रुपैयाँ बराबरको खर्च र १ लाख ३० हजार रुपैयाँ बराबरको आम्दानी हुने गरेको छ। भैसीलाई दानाको रुपमा ब्राण्ड, चुंगी(मसुरोको भुस), चोक्कर, मकैको पिठो र प्लेट दाना तथा बर्सिम, नेपियर, अकरा, मकैको पात, मकैचरी घाँस तथा पराल खुवाउनुपर्छ ।

भैसी पालनले जिसी परिवारको घरको सम्पूर्ण खर्च धानेको छ । उहाँले भैसी पालनको आम्दानीबाट दुई छोरा छोरीलाई बोर्डिङ स्कुल पढाउनु भएको छ। यस्तै गाउँमै ६५ लाख रुपैयाँ बराबरको २ कठ्ठा घडेरी जोड्नु भएको छ । कुनैबेला आफु बेरोजगार भएर बसेको स्मरण गर्दै संगिताले भन्नुभयो, 'मै ले सही समयमा सही काम सुरु गरेकी रहेछु, अहिले बल्ल मलाई महसुस भइरहेको छ।' संगिताले अझै गोठलाई ब्यवस्थित गर्ने यो जना बनाएकी छन् ।

ब्यवसायिक रुपमा भैसी पालन गरिसकेपछि उहाँले बैजनाथ गाउँपालिकाबाट 'भकारो सुधार कार्यक्रम' मार्फत २ लाख रुपैयाँ अनुदान पाउनुभयो । आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिकाको किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा मुर्रा जातको एउटा भैसी पाउनु भयो । यस्तै भैसीका लागि दाना पिस्ने मिल पनि उहाँले ७० प्रतिशत अनुदानमै पाउनु भएको छ। फर्मका लागि हरेक वर्ष घाँसको बीउ निःशुल्क पाउनुहुन्छ।

'भैसीलाई कुनै समस्या भएपछि बोलाउने बित्तिकै गाउँपालिकाका पशु चिकित्सक पनि आउनु हुन्छ, उहाँहरुले निःशुल्क रुपमा सेवा दिनुहुन्छ,' उहाँले भन्नुभयो । किसानसँग पालिका प्रमुख कार्यक्रम निकै प्रभावकारी भएको संगिताले बताउनुभयो। उक्त कार्यक्रमले कृषिमा पसिना बगाउने किसानलाई ठुलो राहत दिएको उहाँको भनाई छ। गाउँपालिकाको हौसलाले आफु ब्यवसायिक भैसी पालनमा टिकिराखेको संगिता बताउनु हुन्छ।



किसानसँग पालिका प्रमुख कार्यक्रमबाट अनुदान पाएको ई-लोडिङ रिक्सा देखाउँदै बैजनाथ-८ फत्तेनगरका किसान।

# मेहनती फत्तेपुर गाउँका तरकारी उत्पादक किसान

*गाउँपालिकाले लगाएको लगानी अनुसार किसानले कृषिमा थप मेहेनत गरिरहेका छन् । यहाँका कुनैपनि किसानले आफ्ना खेतबारी बाँझो छाडेका छैनन् । मौसम अनुसारको बालीबाट लगाउनुका साथै बेमौसमी खेतीबाट पनि मनग्गे आम्दानी लिइरहेका छन् ।*

✍बैजनाथ-८ फत्तेनगरमा रहेका अधिकांस किसानले मौसम र बेमौस अनुसारको तरकारी र अन्न उब्जाउँछन् । कृषि नै यहाँका अधिकांस स्थानीयको मुख्य पेशा रहेको छ। वर्षौ अघिदेखी परम्परागत रुपले कृषि पेशा गर्दै आएका उनीहरु पछिल्लो केही वर्षयता आधुनिक तरिकाले खेत गर्न थालेका छन् ।

शिवशक्ती कृषक समुहमा १८ जना किसान आवद्ध छन् । बैजनाथ स्थानीय सरकारले किसानसँग पालिका प्रमुख कार्यक्रम सञ्चालनमा ल्याएसँगै उनीहरु आधुनिक तरिकाले गर्न थालेका हुन् । गाउँपालिकाले यहाँका किसानलाई उक्त कार्यक्रममार्फत वर्षेनी ठुलो रकम लगानी गर्दै आएको छ।

गाउँपालिकाले लगाएको लगानी अनुसार किसानले कृषिमा थप मेहेनत गरिरहेका छन् । यहाँका कुनैपनि किसानले आफ्ना खेतबारी बाँझो छाडेका छैनन् । मौसम अनुसारको बालीबाट लगाउनुका साथै बेमौसमी खेतीबाट पनि मनग्गे आम्दानी लिइरहेका छन् ।

कृषक समुहका अध्यक्ष भुपाल थारुका अनुसार गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम अर्न्तगत आर्थिक वर्ष २०८०/०८१ मा उक्त समुहलाई २ वटा इलेक्ट्रिक ढुवानी रिक्सा, २ वटा मिनी टिलर र एउटा पावर टिलर दिएको छ । यसका साथै गाउँपालिकाले समरसेवल पम्प, मोर्टर, पाइप, मल्चिङ प्लाष्टिक, स्प्रे ट्यांकी, बीउ विजन लगायत सामाग्री समुहका किसानलाई प्रदान गरिसकेको छ ।

कृषि कर्म गरिरहेका आफुहरुलाई गाउँपालिकाले यसरी अनुदानमा सामाग्री प्रदान गर्दा आफुहरुलाई पेशामा टिकिरहन थप उर्जा मिलेको उहाँले बताउनुभयो । गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा सामाग्री

उपलब्ध गराएको हो । 'हाम्रो समुहमा धेरै किसान कृषिमा आत्मनिर्भर भईसकेका छन्, पहिले घरको खर्च चलाउनै मुस्किल हुन्थ्यो, अहिले त धेरै सजिलो भएको छ,' उहाँले भन्नुभयो, 'प्रायः किसानको जीवनस्तर माथी उठेको छ ।' बेमौसमी तरकारी खेती आम्दानीको प्रमुख स्रोत बनेको अध्यक्ष थारु बताउनु हुन्छ ।

घरको खर्च राम्रैसँग चलेको छ। नाति र नातिनीलाई बोर्डि स्कुलमा पढाएको छु । गाउँपालिकाले भूमिगत पानी सिंचाइका लागि समरसेबल पम्प, पाइप, मोटर, मल्चिङ प्लाष्टिक, स्प्रे ट्यांकी, बीउ दिएको छ। यसबाट हामीलाई कृषि कर्म गर्न धेरै सजिलो भएको छ।

## वर्षमा तीन बाली



**भुपाल थारु**
*अध्यक्ष, शिवशक्ती कृषक समुह*
*बैजनाथ-८ फत्तेनगर*

मसँग एक विघा जमिन छ। जमिनमा सिजन अनुसारको खेती हुन्छ। बर्खा र हिउँदमा सिजन अनुसारको बाली लगाउँछु। बेसिजनमा बोडी, भिन्डी, लौका, करेलाको खेती हुन्छ । पहिला आफ्नै तरिकाले खेती गर्थ्यौं । त्यो बेला वर्षमा दुई बाली मात्रै लगाउँथ्यौं । अचेल वर्षमा तीन बाली लगाउँछौं । बैजनाथ गाउँपालिकामा जब किसानलाई लक्षित गरेर कार्यक्रम आयो, त्यसपछि हामीलाई अनुदान मिल्न थाल्यो । हामीले अनुदानमा सामाग्री पाएका छौं । अनुदानमा प्राप्त सामाग्रीलाई समुहका सदस्यले पालैपालो प्रयोग गर्छौं। हामीलाई धेरै नै सजिलो भएको छ। तरकारीहरु उत्पादन गर्दादेखी बिक्री गर्दा सम्म गाउँपालिकाले अनुदान दिएको छ। गाउँपालिकाले ७० प्रतिशत अनुदानमा दिएको इलेक्ट्रीक रिक्साबाट तरकारी बिक्री गर्न कोहलपुर लैजान्छौं। सबै किसानले बेमौसमी खेती गर्नु भएको छ। गाउँपालिकाले दिएको पावर टिलर, मिनी टिलरबाट खेतबारी जोत्छौं। आम्दानी राम्रै छ।

## किसानका लागि अमृत



**शनिराम चौधरी**
*किसान*

मैले साढें दुई विघा जमिनमा खेती गर्दै आएको छु। मेरो जमिन कहिल्यै खाली हुदैन । तरकारी खेती १० कठ्ठामा हुन्छ। बर्खामा धान लगाउँछु। त्यसपछि तोरी, आलु अनि काँक्रो, लौका, फर्सी, मकै, भिण्डी, तर्बुजा लगाउँछु। गाउँपालिकाले दिएको मिनी टिलरले खेतबारी जोत्छु। पहिला गोरुले जोत्ने खेतबारीमा अहिले पावर टिलर र मिनी टेलर चलाउँछु। गोरुबाट जोतेको भन्दा यो धेरै सजिलो र छिटो हुन्छ। एक घण्टामा ५ कठ्ठा सम्म जमिन जोत्छ । किसानसँग पालिका प्रमुख कार्यक्रम एकदमै राम्रो छ। किसानको लागि त अमृत नै हो। गाउँपालिकाले हामीलाई कृषि उत्पादन गर्नमा मात्रै सहयोग गरेन, उत्पादित बस्तुलाई बजारसम्म पुर्‍याउनको लागि इलेक्ट्रिक रिक्सा समेत दिएको छ। यो भन्दा ठुलो सहयोग अरु के होला र ? अलिकति सिंचाइको समस्या छ। जमिन मुनिबाट पानी तान्नुपर्दा कहिले काही बिद्युतको भोल्टेजले साथ दिदैन। गाउँपालिकाले समरसेबल पम्प, पाइप, मोटर दिएको छ, त्यसले धेरै सजिलो भएको छ। अझ सिक्टा सिंचाई आयोजनाको नहर चाडो आईदिएको भए पानीको समस्या अन्त्य हुन्थ्यो।

## बाह्रै महिना तरकारी खेती



**अशोक कुमार चौधरी**
*किसान*

मैले तरकारी १४ कठ्ठामा तरकारी लगाएको छु। बर्खामा ७ कठ्ठा जतिमा धान रोप्छु र ७ कठ्ठामा तरकारी खेती गर्छु । मैले बाह्रै महिना तरकारी खेती गर्छु । अफ सिजनमा सबै बारीमा तरकारी खेती नै हुन्छ। घरमै मेहेनत अनुसारको फल मिलिरहेको हुँदा कामको लागि विदेश जानु परेको छैन। मैले उत्पादन गरेको तरकारी बिक्री गर्न केहलपुर लैजान्छु। म आफै तरकारी बिक्री गर्न जान्छु। घरको खर्च सबै यसैबाट चलाउँछु । छोरालाई कृषि प्राविधिक विषय पढाए। छोरा अहिले कृषि प्राविधिक छन्। हामीले फलाएको तरकारीको मुल्य ब्यापारी आफैले तोक्छन् । पहिले खेती गर्न धैरै दुःख हुन्थ्यो, अहिले त सजिलो भएको छ । बिद्युत भएको हुँदा मोटर चलाएर पानी तान्न सकिन्छ । उत्पादन राम्रै भएपनि बिक्री गर्न समस्या छ । सरकारले बजारीकरणको नीति ल्याईदिनुपर्छ । किसानसँग पालिका प्रमुख कार्यक्रमले हामीलाई धेरै राहत दिएको छ । जाँगर चलाउने र मेहेनती किसानलाई यो कार्यक्रमले धेरै सहयोग गरेको छ । यस्तै सहयोग भइरहेको खण्डमा बैजनाथको कृषि क्षेत्र धेरै नै माथी उठ्नेछ ।

## अहिले सजिलो भयो



**मंगल चौधरी**
*किसान*

मैले ५ कठ्ठामा तरकारी खेती गरेको छु। उत्पादन गरेको तरकारी कोहलपुर लगेर बिक्री गर्छु । गाउँबाट महिलाहरु दैनिक रुपमा बिहान ४ बजे कोहलपुर र नेपालगन्ज जान्छन् । बाह्रै महिना खेती गर्छौ । मेहेनत अनुसारको मुल्य राम्रो छैन । यदी मुल्य राम्रो पाउने हो भने दैनिक ५० क्वीन्टल तरकारी फत्तेनगरका किसानले उत्पादन गरेर देखाईदिन्छन् । किसानसँग पालिका प्रमुख कार्यक्रमले समुहलाई अनुदान दिएको छ । अनुदानमा आएका सामाग्रीलाई हामीले प्रयोग गरिरहेका छौं । अहिले धेरै सजिलो भएको छ ।



**बेमौसमी मकैबारीमा बैजनाथ–८ फत्तेनगरका किसानहरु ।**



**किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदानमा निर्मित भैसी फर्ममा बैजनाथ-१ च्यामाकी तुलसरा बोहरा।**

# व्यवसायिक भैसी पालनमा रमाउँदै तुलसरा

*पति भिमबहादुर बोहरा र छोरा समिर बोहराको पनि उत्तिकै ब्यस्तता बढेको छ । भैसी फर्म रेखदेखका लागि छोरा समिर त झन् विदेश नै नजाने अठोट लिएर घरमै बस्नु भएको छ । तुलसराको फार्ममा अहिले ६ वटा भैसी र पाडा, पाडी छन् । यि मध्ये २ वटा भैसीले नियमित रुपमा दुध दिइरहेका छन् ।*

बाँके, बैजनाथ-१ चिसापानी च्यामाकी तुलसरा बोहरा अचेल दैनिकजसो भैसी फर्ममा भेटिनुहुन्छ । परम्परागत रुपमा पाल्दै आएको भैसीलाई विगत दुई वर्षदेखी व्यवसायिक हिसाबले पाल्न थाल्नु भएको हो। उहाँले 'दिक्षा भैसी पालन फर्म' दर्ता गर्नु भएको छ।

उहाँ भैसी फर्ममा दैनिक रुपमा जति ब्यस्त हुनुहुन्छ, परि वारका सबै सदस्यलाई फर्मसँग जोड्नु भएको छ। 'भैसी फर्म सुरु गरेपछि घर खर्च राम्रैसँग चलेको छ,' उहाँले भन्नुभयो, 'घरको सबै खर्च यसले नै धानेको छ, पैसा आवश्यक पर्‍यो भने बाहिर सापटी माग्न जानु पर्दैन।' पति भिमबहादुर बोहरा र छोरा समिर बोहराको पनि उत्तिकै ब्यस्तता बढेको छ।

भैसी फर्म रेखदेखका लागि छोरा समिर त झन् विदेश नै नजाने अठोट लिएर घरमै बस्नु भएको छ। तुलसराको फार्ममा अहिले ६ वटा भैसी र पाडा, पाडी छन् । यि मध्ये २ वटा भैसीले नियमित रुपमा दुध दिइरहेका छन् । 'पाँच वटा भैसी रांगा लागिसकेका छन्, राँगा लागेको हुँदा दुध उत्पादन केही घटेको छ,' उहाँले भन्नुभयो । यसअघि दैनिक २२ लिटर दुध उत्पादन गर्दै आएकोमा अहिले घटेर १० लिटरमा आएको तुलसराले सुनाउनु भयो।

बोहरा परिवारले सुरुमा घरमै खानका लागि भैसी पाल्ने गरेको थियो। त्यतिबेला उनीहरुसँग दुई वटा मात्रै भैसी थिए। दुई वर्षअघि साना किसान सहकारीबाट १८ लाख रुपैयाँ ऋण लिएर ब्यवसायिक रुपले भैसी पालन सुरु गरेको समिरले बताउनुभयो। 'व्यवसायिक भैसी पालन सुरु गरेपछि मलाई वैदेशिक रोजगारीमा जान मन लागेन, विदेश जानु भन्दा गाउँमै केही गरौं भन्ने लाग्यो,' उहाँले भन्नुभयो, 'सहकारीको मासिक किस्ता तिरेर बचेको पैसाले घरको खर्च चलिरहेको छ।'

उत्पादन भएको दुध चिसापानी बजारमा रहेको डेरी पसलले खरिद गर्छ। डेरी पसललाई प्रति लिटर ७० रुपैयाँका दरले दुध बिक्री गर्नुहुन्छ। तर, मेहेनत अनुसार दुधको मुल्य नभएको भिमबहादुर बताउनु हुन्छ। 'दुध बेचेर किसानलाई खासै फाइदा छैन, फार्मले घरको खर्च चलाउने काम भने गरेको छ,' उहाँले भन्नुभयो, 'विदेश जानु भन्दा मलाई भैसी फर्मले यतै भुलाएको छ, हामीहरुलाई पनि टाइम पास गर्ने माध्यम बनेको छ।'

दुधको बजार मुल्य सस्तो भएपनि बिक्री गर्न भने समस्या नरहेको उहाँ बताउनु हुन्छ। भैसी फर्म चलाएर परिवारको समृद्धिको सपना बोकेका बोहरा परिवारलाई हौसला प्रदान गर्न स्थानीय सरकारले पनि बेला-बेलामा आफ्ना कार्यक्रममा समेट्ने गरेको छ।

बैजनाथ गाउँपालिकाले 'किसानसँग पालिका प्रमुख कार्यक्रम' मार्फत दिक्षा भैसी पालन फर्मलाई आर्थिक वर्ष २०७९/८० मा गोठ बनाउने अनुदान दियो। अनुदान वापत प्राप्त गरेको ८० हजार रुपैयाँ लगानी गरेर उनीहरुले भैसी गोठलाई आधुनिक बनाए। उनीहरुको मेहेनतलाई देखेर गाउँपालिकाले त्यसपछि पनि अनुदानलाई निरन्तरता दियो।

आर्थिक वर्ष २०८०/०८१ मा पनि ७० प्रतिशत अनुदानमा चाप कटर (घाँस काट्ने मेसिन) दियो। सोही कार्यक्रम मार्फत गाउँपालिकाले भैसीका लागि 'बर्सिम' र 'मकैचरी' घाँसको बीउ दिएको छ। भैसी पालनका लागि बोहरा परिवारले १२ कठ्ठा जमिनमा 'बर्सिम' र 'मकैचरी' घाँस खेती गर्छन्। 'जाडो याममा बर्सिम र बर्खामा मकैचरी घाँसको खेती गर्छौं, गाउँपालिकाले हरेक वर्ष हामीलाई घाँसको बीउ दिन्छ,' समिरले भने 'परालसँग मिलाएर यि घाँस खुवाउने हो भने भैसीले दुधको मात्रा बढाउँछ।' भैसीलाई अन्य घाँसहरु नेपियर, बन्सो, सिरु पनि खुवाउने गरेको उहाँले सुनाउनु भयो।

आफुहरुले गरिरहेको मेहेनतमाथी गाउँपालिकाले उर्जा थप्ने काम गरेको समिरले बताउनुभयो। गाउँपालिकाले दुधमा अनुदान दिने नीति ल्याउनुपर्ने उहाँको सुझाव छ। 'गाउँपालिकाले हामी जस्ता किसानका लागि दुधमा अनुदान दिनुपर्‍यो,' उहाँले भन्नुभयो, 'हामीले डेरी पसललाई प्रति लिटर ७० रुपैयाँमा दुध बेच्छौं, गाउँपालिकाले लिटरमा ५ देखी १० रुपैयाँ अनुदान दियो भने केही अझै राहत मिल्थ्यो।' जिल्ला बाहिरका केही पालिकाहरुमा यस्तो अनुदान दिने गरेको कुरा आफुले सुनेको समिर बताउनु हुन्छ।



**भैसीको स्याहार गर्दै बैजनाथ-१ च्यामाकी तुलसरा बोहरा।**



अनुदानमा प्राप्त गरेको बाख्रा सहित सञ्चालक सितारानी थारु र श्रीमान कन्हैलाल थारु।

# किसानसँग पालिका प्रमुख कार्यक्रमले बाख्रा पाल्ने हौसला मिल्यो

*बैजनाथ गाउँपालिकाले सितारानीलाई हौसला दिन किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा २ वटा बाख्रा र एउटा बोका दिइसकेको छ । यसबाहेक गाउँपालिकाले प्राविधिक सेवा निःशुल्क रुपमा दिइरहेको छ ।*

✍बैजनाथ-४ चिल्लेटाकी सितारानी थारुले २०७४ सालमा सिता पशुपंक्षी फर्म दर्ता गरेर व्यवसायिक बाख्रा पालन गर्नुभयो। आधुनिक खालको खोर बनाएर सुरुमा १० वटाबाट सुरु गरेको ब्यवसायिक बाख्रा पालन यसरी फस्टायो की त्यसको चार गुणा बढी संख्यामा बाख्रा उत्पादन भए। उत्पादन भएका बाख्रा, खसी, बोकालाई उनले बिक्री गरेर आम्दानी गर्न थाल्नुभयो।

उहाँले खसीलाई जिउँदो प्रतिकिलो ५ सय ५० मा बिक्री गर्नुभयो । 'पोहोरसाल मात्रै ३ लाख बराबरको बाख्रा र खसी बेचे,' उहाँले भन्नुभयो । यस्तै बाख्रा र बोकालाई भने कुतुवामा बेच्दै आएकी छन्। अहिले खोरमा १३ वटा छन्। यि सबै बोयर प्रजातिका हुन् । उहाँले खोरमा मात्रै साढे ४ लाख लगानी गर्नु भएको छ। 'पहिला खोर काठको थियो, त्यसपछि राम्रै बनाउनुपर्‍यो भनेर फलामको बनाए,' उहाँले भन्नुभयो।

उहाँले करिव ४ वर्षअघि खरिद गरेर ल्याएको बेलन बोयर प्रजातिको बोका पनि रहेको छ। उहाँलाई श्रीमान कन्हैलाल थारुले पनि पुरै सघाउनुहुन्छ। बाख्रा पालनका लागि आफ्नै खेत बारीमा विभिन्न थरीका घाँसका बिरुवा रोप्नु भएको छ। बाख्राको लागि नेपियर र डालेघाँस रोपिएको छ। 'बिहान-बेलुका बाख्रालाई आफ्नै खेतबारीमा चराउन लैजान्छु,' सितारानीले भन्नुभयो, 'खोरमा थुनेको बेलामा घाँस हाल्ने र डुर सफा गर्ने काम पनि गर्छु।'

ब्यवसायिक बाख्रा पालनले घरको खर्च धानेको श्रीमान कन्हैलाल बताउनु हुन्छ। 'हामीलाई यसले फाइदा नै गरेको छ, घरको सबै खर्च यसले नै धानेको छ,' उहाँले भन्नुभयो। बैजनाथ गाउँपालिकाले सितारानीलाई हौसला दिन किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा २ वटा बाख्रा र एउटा बोका दिइसकेको छ। यसबाहेक गाउँपालिकाले प्राविधिक सेवा निःशुल्क रुपमा दिइरहेको छ। 'गाउँपालिकाले हामी जस्ता किसानलाई पनि आवश्यकताको आधारमा अनुदान दिने गरेको छ, यस्तो कार्यले किसानको मनमा हौसला जाग्छ,' उहाँले भन्नुभयो। गाउँपालिकाले आगामी दिनमा पनि पशु पालक किसानलाई अनुदानका कार्यक्रम ल्याउनुपर्ने उहाँको सुझाव छ।

'किसानसँग पालिका प्रमुख कार्यक्रमले हामीलाई कसरी पशुपालन गर्ने भनेर सिकायो र अनुदान दियो,' उहाँले भन्नुभयो। सितारानीका श्रीमान कन्हैलाल पशुपालन व्यवसायलाई निरन्तरता दिदै व्यवसायिक रुपले भैसी पाल्ने सोच राख्नु भएको छ। भैसी पालेर दुध उत्पादन गर्ने र मनग्य आम्दानी गर्ने उहाँको सपना छ। 'बाख्रा पालन गरेर राम्रै आम्दानी भइरहेको छ, अब भैसी पनि पाल्ने सोच बनाइरहेका छौं,' कन्हैलालले भन्नुभयो। भैसी पालन गरेर पनि धेरै किसानहरु आत्मनिर्भर बनेको आफुले देखेको उहाँले बताउनु भयो।



किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदान पाएको भैसी देखाउँदै बैजनाथ-४ तिलकपुरकी लालसरी बस्नेत ।

# "किसानसँग पालिका प्रमुख कार्यक्रम बरदान नै हो"

*लालसरी सञ्चालक रहेको उक्त फर्ममा सुरुका दिनमा ४ वटा भैसी थिए । अहिले ५ वटा भैसी र ३ वटा पाडा छन् । यि मध्ये एउटा भैसी बैजनाथ गाउँपालिकाको किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा प्राप्त गर्नु भएको हो । यस्तै फर्म सञ्चालन गर्दा सुरुमा उहाँसँग ६ वटा जति बाख्रा थिए । अहिले खोरमा ११ वटा बाख्रा छन् ।*

धेरैले आफ्नो जमिन बाँझै छाड्छन् । आफुसँग भएको जग्गा जमिनको सही तरिकाले उपयोग गर्दैनन् । तर, बाँके बैजनाथ-४ तिलकपुरकी लालसरी बस्नेत अर्काको जमिन भाडामा लिएर पनि कृषिमा स्थापित भइरहनु भएको छ। समाजका सामु एक उदाहरणीय र फरक किसानका रुपमा आफ्नो पहिचान दिनु भएको छ। सल्यान जिल्लामा परम्परागत रुपले भैसी पालन गरेको अनुभव थियो, उहाँलाई । सोही अनुभवलाई लालसरीले बैजनाथमा आएर ब्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउनु भयो । 'दाजुभाई पशुपंक्षी फर्म'को नाममा तिलकपुरमा उहाँको भैसी र बाख्रा पालन फर्म रहेको छ।

फर्म सञ्चालन गर्नका लागि उनले २ बिघा ४ कठ्ठा जमिन भाडामा लिएकी छन् । विगत ५ वर्षदेखी उहाँले सोही जमिनमा भैसी र बाख्रा फर्मसँगै मौसम र बेमौसमी खेती गरिरहनु भएको छ। फर्म सञ्चालन गरेको केही वर्षमै श्रीमान बित्नुभयो। त्यसपछि दुई छोरासहित ४ जनाको परिवारले फार्म चलाइरहेको छ। लालसरी सञ्चालक रहेको उक्त फर्ममा सुरुका दिनमा ४ वटा भैसी थिए।

अहिले ५ वटा भैसी र ३ वटा पाडा छन् । यि मध्ये एउटा भैसी बैजनाथ गाउँपालिकाको किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा प्राप्त गर्नु भएको हो । यस्तै फर्म सञ्चालन गर्दा सुरुमा उहाँसँग ६ वटा जति बाख्रा थिए। अहिले खोरमा ११ वटा बाख्रा छन् । यि मध्ये गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत २ वटा बाख्रा ७० प्रतिशत अनुदानमा दिएको हो।

भैसी र बाख्रा फार्म सँग-सँगै चलाएकी लालसरी भन्नुहुन्छ, 'मेहेनत गर्न सक्ने हो भने आफुसँग जग्गा जमिन हुनै पर्छ भन्ने पनि छैन, हामीसँग एक धुर जमिन नभएपनि अर्काको जमिन भाडामा लिएर कृषि कर्म गरिरहेका छौं।' भैसीले अचेल दैनिक ३५ लिटर दुध दिन्छन्। उत्पादित दुध केही गाउँमा र केही डेरी पसलमा खपत हुन्छ। गाउँमा भन्दा डेरीले सस्तो मुल्यमा दुध खरिद गर्छ। गाउँमा प्रति लिटर ९० रुपैयाँ र डेरीमा प्रति लिटर ७५ रुपैयाँमा दुध बिक्री हुन्छ।

फार्मको आम्दानीले घरको सम्पूर्ण खर्च र छोराहरुको शिक्षा दिक्षामा लगानी लागेको किसान लालसरीले सुनाउनु भयो। भैसी र बाख्राका लागि उहाँले करिव १० कठ्ठा जमिनमा उन्नत जातका घाँस रोप्नु भएको छ। भैसी र बाख्राका लागि नेपियर, बर्सिम, जैघाँस, मकैचरी घाँस प्रसस्त मात्रामा छ। यस्तै गोठभरी पराल, गहुँ र मसुराको भुस राख्नु भएको छ।

भैसी र बाख्रालाई दाना बनाउन सहज होस् भनेर गाउँपालिकाले अनुदानमा चाप कटर(घाँस काट्ने मेसिन) पनि दिएको छ। भैसी र बाख्राको स्वास्थ्यमा कुनै समस्या आउने वित्तिकै गाउँपालिकाले पशु प्राविधिक पठाउँछ। कृषि र पशु पालनलाई माथी उठाउन अहिलेको बैजनाथ स्थानीय सरकारले गरेको काम निकै प्रशंसनीय रहेको पशु पालक किसान लालसरी बताउनु हुन्छ।

'गाउँपालिकाबाट नियमित रुपमा खोप लगाउन आउँछन्, कुनै बाख्रा वा भैसी बिरामी भयो भनेपनि चेकजाँच गर्न डाक्टरहरु आउँछन्,' लालसरीले भन्नुभयो, 'किसानसँग पालिका प्रमुख कार्यक्रम हाम्रो लागि बरदान नै हो, यो कार्यक्रमले हामीलाई धेरै फाइदा गरेको छ।'

भैसीका लागि प्रोटिन दानाको ब्यवस्थाका साथै पशु विशेषज्ञको ब्यवस्था गाउँपालिकाले गर्न सकेमा अझ राम्रो हुने उहाँको अपेक्षा रहेको छ। दुध उत्पादन गर्न भन्दापनि बिक्री गर्दा मुल्य नपाउने समस्या रहेको उहाँले दुखेसो पोख्नुभयो। भैसी र बाख्रा फार्म सञ्चालन गर्नका लागि उहाँले २० लाख रुपैयाँ ऋण निकाल्नु भएको थियो। अहिले सबै ऋण चुक्ता गरिसक्नु भएको छ।

उहाँसँग प्रायः अहिले स्थानीय जात भैसी छन्। बिस्तारै उन्नत जातका भैसीको संख्या थप्दै जाने उहाँको धोको छ। 'गाउँपालिकाले उन्नत जातका भैसीका पाडीहरु उत्पादनमा पनि अनुदानका कार्यक्रम ल्याउनुपर्छ, यदी त्यसो गरियो भने धेरै किसानले राहत पाउनेछन्,' लालसरीले भन्नुभयो।


बैजनाथ-४ तिलकपुरकी लालसरी बस्नेतले गरेको बमौसमी मकै र घाँस खेती।



अनुदानमा पाएको बीउबाट उत्पादन गर्न 'च्याउ घर' देखाउँदै बैजनाथ–५ का किसान सन्तबीर सुनार ।

# च्याउ खेतीमा सन्तबीरको क्रियाशिलता

*२०७९/०८० मा ६ सय प्याकेट र आर्थिक वर्ष २०८०/०८१ मा ३ सय प्याकेट च्याउको बीउ ७० प्रतिशत अनुदान दिएको हो । 'गाउँपालिकाले बीउमा अनुदान दिइरहेको छ, यसले पनि हामीलाई धेरै राहत मिलेको छ,' उहाँले भन्नुभयो । किसान सन्तबीरले वार्षिक रुपमा च्याउ खेतीबाट राम्रो आम्दानी गरिरहनु भएको छ ।*

तत्कालिन कृषि विकास कार्यालयबाट २०४२ सालमा सामान्य तालिम लिएपछि सन्तबीर सुनारलाई च्याउ खेती गर्ने नसाले छोयो । त्यसपछि घरमा खानका लागि उहाँले थोरै ठाउँमा च्याउ खेती सुरु गर्नुभयो । त्यसयता निरन्तर खेती गर्दै आउनु भएका सन्तबीरले २०७५ सालबाट भने ब्यवसायिक रुपमा गर्न थाल्नुभयो ।

२०७६ सालमा करिव २८ लाख रुपैयाँ खर्च गरेर च्याउ घर निर्माणसँगै कानुनी रुपमा फर्म पनि दर्ता गर्नुभयो । च्याउ खेती गर्ने नमुना किसानको परिचय बनाउनु भएका उहाँले कृषि ज्ञान केन्द्रमार्फत प्रदेश सरकारबाट १५ लाख रुपैयाँ अनुदान पाउनुभयो । त्यसपछि च्याउ खेतीमा लाग्न उहाँलाई अझै उर्जा मिल्यो । बैजनाथ गाउँपालिकाले पनि उहाँलाई च्याउ खेतीमा उर्जा थपिर हन वर्षेनी च्याउको बीउमा अनुदान दिइरहेको छ ।

गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम मार्फत आर्थिक वर्ष २०७९/०८० मा ६ सय प्याकेट र आर्थिक वर्ष २०८०/०८१ मा ३ सय प्याकेट च्याउको बीउ ७० प्रतिशत अनुदान दिएको हो । 'गाउँपालिकाले बीउमा अनुदान दिइरहेको छ, यसले पनि हामीलाई धेरै राहत मिलेको छ,' उहाँले भन्नुभयो । किसान सन्तबीरले वार्षिक रुपमा च्याउ खेतीबाट राम्रो आम्दानी गरिरहनु भएको छ । 'च्याउ खेतीबाट आम्दानी राम्रै हुन्छ, तर खर्च पनि उत्तिकै हुन्छ,' उहाँले भन्नुभयो, 'जे होस् घरको सम्पूर्ण खर्च यही खेतीले धानेको छ ।'

च्याउ उत्पादनमा हुने मेहेनत अनुसार मुल्य पाउन समस्या हुने गरेको सन्तबीरको गुनासो छ । उत्पादन भएको च्याउ कोलपुरसहित सुर्खेत र दैलेखसम्म खपत हुने गरेको उहाँले बताउनुभयो । सन्तबीरले वार्षिक रुपमा दुई लटमा करिव ३ हजार ६ सय डल्लाबाट च्याउ उत्पादन गर्दै आएका छन् । च्याउलाई थोकमा प्रतिकिलो ८० देखी १ सय २० रुपैयाँसम्म बिक्री गर्छन् । च्याउ खेतीमा परिवारका ८ जना सदस्य संलग्न छन् ।

परिवारका सदस्य बाहेक बाहिरका श्रमिकलाई पनि आवश्यकता अनुसार काममा लगाउने गरेको सन्तबीरले सुनाउनु भयो । च्याउ खेतीबाहेक उहाँले आफ्नो खेतबारीमा खाद्यान्न बालीसहित तरकारी खेती पनि गर्दै आउनु भएको छ । उहाँले करिव ८ कठ्ठा जमिनमा मौसम र बेमौसम अनुसार कांक्रा, फर्सी, भिण्डी, लौका, मकै लगायत खेती गर्नुहुन्छ ।

खाद्यान्न बाली र तरकारी खेतीका लागि सिक्टा सिंचाइ आयोजनाको नहरबाट लिफ्ट गरेर सिंचाइ गर्नुहुन्छ । यहाँ उत्पादन भएको तरकारी कोहलपुरस्थित कृषि हाट बजारमा लगेर बिक्री गर्नुहुन्छ । सरकारले किसानका लागि अनुदानको ब्यवस्था सँगै नयाँ-नयाँ प्रविधिबारे ज्ञान दिनुपर्ने उहाँको सुझाव छ ।




बैजनाथ-५ बनकटवामा शान्तिकुमारी थारुले सञ्चालन गरेको बंगुर फर्म।

# बंगुरपालनबाट घरमै स्वरोजगार

*फर्ममा पालिएका बंगुरलाई नियमित रुपमा भ्याक्सिन लगाउनुपर्छ । यसका लागि गाउँपालिकाको पशु सेवा शाखाका कर्मचारी समय समयमा आफै घरमा आउँछन् र निःशुल्क भ्याक्सिन दिएर जान्छन् । बंगुर पालन गरिरहँदा अझै यही ब्यवसायमा रम्ने शान्तिको योजना छ ।*

पेशाले उनी महिला स्वास्थ्य स्वयं सेविका हुनुहुन्छ। तर, स्वयं सेविकाको पेशाले मात्रै घर खर्च चलाउन सक्ने स्थिती छैन। त्यही भएर घरको आर्थिक अवस्था बलियो बनाउन शान्ति थारुले बंगुर पाल्न थाल्नुभयो। बैजनाथ-५ बनकटवा निवासी उहाँ विगत ५ वर्षदेखी ब्यवसायिक बंगुर पालनमा संलग्न हुनुहुन्छ। सुरुमा ५ वटा पाठा र पाठीबाट बंगुर पालन ब्यवसाय सुरु गर्नु भएको थियो। अहिले उहाँको खोरमा सानो र ठुलो गरी १६ वटा बंगुर रहेका छन्। करिव ७ लाख रुपैयाँ खर्च गरेर खोर बनाएपछि मात्र उहाँले ब्यवसायिक रुपले बंगुर पाल्न थाल्नु भएको हो। उहाँको फर्मबाट अहिले मासुका लागि ठुला बंगुर र पाल्नका लागि पाठा, पाठी धमाधम बिक्री भइरहेका छन्।

'मासुका लागि तयार भएका बंगुर र साना पाठा पाठीलाई बिक्री गर्न कुनै समस्या छैन,' शान्तिले भन्नुभयो, 'अहिले घरको सबै खर्च यही बंगुर पालन ब्यवसायले धानेको छ।' बंगुर पालनका लागि ब्राण्ड र दाना किन्नुपर्छ। बंगुरको दाना प्रति ५० किलो ३ हजार ३ सय रुपैयाँ र ब्राण्ड प्रति क्वीन्टल ४ हजार ४ सय रुपैयाँमा किन्नुपर्ने बताउनुभयो। यसका साथै बंगुरलाई घाँस, फालेको भात, ब्रोईलर कुखुराको आन्द्रा पनि उहाँ खुवाउनु हुन्छ।


किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत पाएको बंगुर देखाउँदै शान्तिकुमारी थारु।

फर्मबाट उत्पादन भएको बंगुरको मासु प्रतिकिलो ३ सय ८० रुपैयाँमा र साना पाठा पाठी प्रति वटा ६ हजारदेखी ७ हजार रुपैयाँमा बिक्री हुन्छ। 'एक वर्ष सम्म पाल्ने हो भने एउटा बंगुर ५० किलोदेखी डेढ क्वीन्टल सम्मको हुन्छ,' उहाँले भन्नुभयो। बंगुरले एक वर्षमा दुई पटक बच्चा जन्माउँछ। बंगुरले एक पटकमा १२ वटा सम्म बच्चा जन्माउँछ।

शान्तिले सञ्चालन गरेको बंगुर फर्मलाई स्थानीय सरकारले पनि अनुदान दिएको छ। बैजनाथ गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत उहाँलाई अर्थिक वर्ष २०८०/०८१ मा ५ वटा बंगुरका पाठी ७० प्रतिशत अनुदानमा दिएको थियो। 'गाउँपालिकाले अनुदान दिएपछि मलाई धेरै राहत मिल्यो, अहिले तिनै पाठी हुर्किएर पनि ब्याएका छन्, आम्दानी बढाएका छन्,' उहाँले भन्नुभयो।

बंगुर पालनले आफुलाई फाइदा गरेको शान्तिको अनुभव छ। तर, दाना महंगो भएकाले थोरैं गाह्रो हुने उनी बताउँछिन्। उत्पादन भएको बंगुर बिक्री गर्न भने कत्तिपनि समस्या छैन। 'बिक्री गर्न कत्तिपनि समस्या छैन, मासु र पाठाका लागि आफै खोज्न फर्ममा आउँछन्,' उहाँले भन्नुभयो।, 'पहिलेको भन्दा मासुको मुल्य घटेको छ, पाठाको मुल्य बढेको छ।'

फर्ममा पालिएका बंगुरलाई नियमित रुपमा भ्याक्सिन लगाउनुपर्छ। यसका लागि गाउँपालिकाको पशु सेवा शाखाका कर्मचारी समय समयमा आफै घरमा आउँछन् र निःशुल्क भ्याक्सिन दिएर जान्छन्। बंगुर पालन गरिरहँदा अझै यही ब्यवसायमा रम्ने शान्तिको योजना छ। तर, स्थानीय सरकारले बेला-बेलामा हौसला दिइरहनुपर्ने उहाँको सुझाव छ।

'घरमै मेसिनबाट बंगुरका लागि दाना बनाउन सकियो भने यो ब्यवसाय अझ फस्टाउन सक्ने थियो, दाना महंगो भएको हुँदा धेरै खर्च दानामै जान्छ,' शान्तिले भन्नुभयो। बंगुर पालनबाट शान्तिले घरको सम्पूर्ण खर्च चलाएकी छन्। छोरा छोरीलाई पनि राम्रो शिक्षा दिनु भएको छ। 'बंगुर पालन गरेपछि घरमा पैसाको अभाव भएको छैन, घरमै स्वरोजगार बनाएको छ,' उहाँले भन्नुभयो, 'मेहेनत गर्न सक्नेलाई बंगुर पालनले राम्रै फाईदा दिन्छ।'




बाख्रा फर्ममा बैजनाथ–५ जिगाउँका किसान पूर्ण बडुवाल ।

# बाख्रा पालनले फर्काएको खुसी

*व्यवसायिक बाख्रा पालन गरिरहँदा गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा अनुदान दियो । किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत उहाँले उन्नत जातको बेलन बोका पाउनु भयो । अहिले सोही बोकाबाट थुप्रै बाख्रा भर्ना भएका छन् ।*

✍ बैजनाथ–५, जिगाउँका किसान पूर्ण बडुवालले व्यवसायिक भैसी पालनबाट राम्रो आम्दानी गरिरहनु भएको थियो । तर, उहाँको फर्ममा भएका सबै भैसी अज्ञात रोग लागेर सबै मरे । त्यसपछि उहाँले बाख्रा पाल्न थाल्नुभयो । घरमै पालेका ४ वटा बाख्रालाई हुर्काउँदै जानुभयो । बाख्राको संख्या पनि बढ्दै गयो ।

त्यसपछि उहाँले बाख्राको परम्परागत खोरलाई बिस्थापित गरेर आधुनिक खालको खोर बनाउनु भयो । 'करिव २ लाख रुपैयाँ खर्च गरेर खोर बनाए,' उहाँले भन्नुभयो, 'खोर बनाईसकेपछि भने अब केही गरौं भन्ने लाग्यो र व्यवसायिक रुपले बाख्रा पालन सुरु गर्नुभयो । यसका लागि बोयर जातको बोका पनि ल्याउनु भयो । बोयर बोका २०७५ सालतिर तत्कालिन समयमा बैजनाथ गाउँपालिकाले किसानहरुलाई अनुदानमा दिएको थियो ।

'बोयर बोका त्यो बेला गाउँपालिकाले नै दिएको थियो, तर किसानहरुले आवश्यकता अनुसार बेलनमा प्रयोग गर्नुपर्थ्यो, बोका प्रायः हाम्रो घरमा हुन्थ्यो,' उहाँले भन्नुभयो । बोयर बोकाको क्रसबाट धेरै पाठा पाठीहरु उत्पादन भए । चार वर्षअघि किसान बडुवालले आधुनिक खालको खोर पनि बनाउनु भयो । खोर बनाएपछि बाख्रा पालन ब्यवसाय अझ ब्यवस्थित बनेको उहाँको बुझाई छ । ब्यवसायिक बाख्रा पालन गरिरहँदा गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा अनुदान दियो ।

किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत उहाँले उन्नत जातको बेलन बोका पाउनु भयो । अहिले सोही बोकाबाट थुप्रै बाख्रा भर्ना भएका छन् । केही बाख्राले पाठा पाठी जन्माईसके का छन् । 'गाउँपालिकाबाट राम्रै जातको बेलन बोका अनुदानमा पाइयो, सोही बोकाबाट मेरा धेरै बाख्राहरु भर्ना भएका हुन्,' उहाँले भन्नुभयो ।

बाख्राका लागि किसान बडुवालले उन्नत जातका घाँसहरु रोप्नु भएको छ । आफ्नो खेतबारीमा बाख्राका लागि बर्सिम, मकै चरी, नेपियर, डालेघाँस लगायत प्रजातिका घाँस रोप्नु भएको छ । बाख्रालाई चैत, बैशाख र जेठ महिनामा बिहान–बेलुका खुल्ला छाडेपनि अरु महिनामा खोरमै राख्ने गरेको बताउनु भयो । ब्यवसायिक बाख्रा पालनले जीवन गुजारा भइरहेको उहाँ बताउनु हुन्छ ।

'परिवारको खर्च सबै कृषि कर्मले नै धानेको छ, बाख्रा पालनसहित खेती किसानी नै मेरो पेशा हो,' उहाँले भन्नुभयो । बाख्रा पालन ब्यवसायलाई माथी लैजान किसानलाई उन्नत नस्लको पाठी र बोका स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने बडुवालको सुझाव छ । उहाँका बिचारमा कतिपय किसान अनविज्ञ रहेकाले बाख्रा पालनबारे सामान्य खालका तालिमहरु पनि दिनुपर्छ ।

कुनैबेला बेरोजगार बनेपछि बडुवाल बैदेशिक रोजगारीका लागि मलेसिया पुग्नु भएको थियो । करिव ९ वर्ष मलेसियामा बसेर काम गर्नुभयो । त्यसपछि फर्केर सन् २०१२ तिर घरमा फर्किनुभयो । त्यसपछि उहाँ कृषि कर्ममा लाग्नु भएको हो । बि.सं. २०२४ सालदेखी जिगाउँमा बस्दै आउनु भएका बडुवालले आफ्नो खेतबारीमा खाद्यान्न बाली पनि लगाउनु हुन्छ ।



मुख खेती गरेका बैजनाथ–६ का किसान सत्यप्रसाद उपाध्याय।

# मुङ खेतीमा किसानको आर्कषण

*विगत १४ वर्षदेखी निरन्तर मुङ खेती गर्दै आउनु भएका उहाँले अहिले सम्म निरन्तरता दिइरहनु भएको छ। यसवर्ष पनि उहाँले १० कठ्ठा जमिनमा मुङ छर्नु भएको छ। उहाँसहित वरपरका छिमेकी किसानले पनि मुङ खेती गरेका छन्। अहिले त्यस वरिपरी अन्य किसान समेतको गरी करिव डेढ विघा जमिनमा मुङ खेती गरिएको छ।*

बैजनाथ गाउँपालिका वडा नम्बर ६ का सत्यप्रसाद उपाध्यायले १४ वर्षअघि मुङ खेती गर्दा गाउँका धेरै अचम्मित भए। मुङको प्रचुर सम्भावना देखेपछि उहाँले खेती सुरु गर्नु भएको थियो। तराई क्षेत्रमा गर्मी सहेर उत्पादन दिने भएकाले मुङ खेती फस्टाउने उहाँलाई विश्वास थियो। त्यसपछि करिव १० कठ्ठा जमिनमा उपाध्यायले खेती सुरु गर्नुभयो।

विगत १४ वर्षदेखी निरन्तर मुङ खेती गर्दै आउनु भएका उहाँले अहिले सम्म निरन्तरता दिइरहनु भएको छ। यसवर्ष पनि उहाँले १० कठ्ठा जमिनमा मुङ छर्नु भएको छ। उहाँसहित वरपर का छिमेकी किसानले पनि मुङ खेती गरेका छन्। अहिले त्यस वरिपरी अन्य किसान समेतको गरी करिव डेढ विघा जमिनमा मुङ खेती गरिएको छ।

'गाउँमा सुरुमा हामीले मात्र मुङ खेती गरेका थियौं, वरिपरीका अरु किसानले पनि खेती गर्न थालेका छन्,' उपाध्यायले भन्नुभयो। खेतीयोग्य जमिनलाई मलिलो बनाउनका लागि पनि मुङ खेतीतर्फ किसानको आर्कषण बढेको देखिन्छ। मुङले बलौटे र चिम्ट्याइलो जमिनलाई पनि मलिलो पार्ने गरेको किसानहरुको अनुभव छ। बैजनाथका अधिकांस वडामा किसानले मुङ खेती गरेको पाइन्छ।

'मुङको जराले नाइट्रोजनलाई होल्ड संचित गर्छ, जरामा नाइट्रोजनको मात्रा हुन्छ, यसले हरियो मल र माटो सुधारको काम पनि गर्छ,' उपाध्यायले भन्नुभयो, 'यो वातावरणमैत्री खाद्यान्न बाली हो, फुलिरहन्छ, फलिरहन्छ, पाकिरहन्छ र टिपिरहनुपर्छ।' मुङ लगायत खाद्यान्न बाली प्रवर्द्धनका लागि उपाध्यायसहित यहाँका किसानहरुलाई बैजनाथ गाउँपालिका कार्यालयले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत संयुक्त रुपमा ७० प्रतिशत अनुदानमा पावर टेलर र शत प्रतिशत अनुदानमा पानी तान्ने पम्पसेट प्रदान गरेको छ। यसले गर्दा खेती गर्न सहज भइरहेको यहाँका किसानहरु बताउँछन्।



आफ्नो मुङ खेती देखाउँदै बैजनाथ–६ का किसान सत्यप्रसाद उपाध्याय ।

किसानका अनुसार मुङ छरेको ४५ देखी ५० दिनभित्र टिप्नलाई तयार हुन्छ । 'उत्पादन भएपछि बिक्री गर्न समस्या नै हुदैन, मान्छेहरु घरमै किन्न आउँछन्,' उपाध्याय भन्नुहुन्छ, 'मुङको क्वाटी, हलुवा लगायत परिकाका लागि उत्तम मानिन्छ ।' उपाध्यायका अनुसार मुङ प्रतिकठ्ठा ४० देखी ५० किलो उत्पादन हुन्छ। यसलाई खाद्यान्नका रुपमा प्रतिकिलो १ सय देखी १ सय ३० रुपैयाँमा र बीउका रुपमा प्रतिकिलो १ सय ८० रुपैयाँ सम्ममा बिक्री गरिन्छ। उपाध्यायको मुङसहित खाद्यान्न बालीबाट वार्षिक डेढ लाख रुपैयाँ बढी बचत भइरहेको छ।

मुङ छर्दा प्रतिकठ्ठा १ किलो बीउ लाग्ने उहाँ बताउनु हुन्छ । मुङ खेती गर्दा बीउ, जोताई, सिंचाई र स्याहार्न समेत गरी प्रतिकठ्ठा ३ हजार रुपैयाँदेखी ३ हजार ५ सय रुपैयाँसम्म खर्च लाग्ने किसानहरु बताउँछन्। किसानका अनुसार मुङ खेतीका लागि गर्दा सुरुमा जमिनलाई ओसिलो बनाउनुपर्छ। त्यसका लागि सुरुमा जमिनलाई सिंचाई गर्नुपर्छ। मुङ छरिसकेपछि करिव ३/४ दिनमा उम्रिन्छ।

बाली उम्रेको २१ देखी २५ दिन भित्रमा सिंचाई गर्नुपर्छ। सिंचाईसँगै प्रतिकठ्ठा आधा किलो जति युरिया मल (टपड्रेस गर्ने) छर्किनुपर्छ । त्यसपछि ४० देखी ५० औं दिनभित्र पुनः सिंचाई गर्नुपर्छ । यति गरिसकेपछि मुङ बालीले उत्पादन दिन सुरु गर्ने किसानको अनुभव छ । मुङ खेतीबारे सबै किसानले जानकारी नपाएकाले यसको बिस्तार पर्याप्त मात्रामा हुन सकेको छैन।

- **विषादीजन्य खाद्यान्नलाई बहिष्कार गरौं ।**
- **मौसम अनुसार फल्ने फलफुल र तरकारी मात्र प्रयोग गरौं ।**
- **अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने बानी बसालौं ।**



अनुदानमा पाएको भैसी देखाउँदै श्रीमतीसहित बैजनाथ–६ का किसान टेकप्रसाद जैसी ।

# निवृत्त जीवनमा पशु चौपायासँग रमाउँदै टेकप्रसाद

*उक्त फर्मको सञ्चालक उहाँकी श्रीमती पवित्रा जैसी हुनुहुन्छ । श्रीमती र आफु मिलेर भैसी, बाख्रा र गाईको स्याहार गर्दै आएको बताउनुभयो । जैसी परिवारले भैसीसँगै ब्यवसायिक बाख्रा पालनलाई पनि सँग-सँगै अगाडी बढाएको छ ।*

बैजनाथ-६ एचगाउँका टेकप्रसाद जैसी २०७८ सालमा सरकारी सेवाबाट निवृत्त हुनुभयो । घरमा त्यसै समय बिताउन उहाँलाई पटक्कै मन परेन । उहाँले घरको केही पैसा लगानी गरेर २०७९ साल भदौंमा करिश्मा पशुपंक्षी नामक फर्म दर्ता गर्नुभयो। फर्म दर्ता गरेसँगै एउटा भैसीको सानो पाडी ल्याएर पाल्न सुरु गर्नुभयो।

त्यसको ६ महिनामा उहाँले भैसीको संख्या ४ पुर्‍याउनु भयो। अहिले उहाँको गोठमा ठुला र साना गरी ८ वटा भैसी छन्। यि मध्ये ५ वटा भैसी ब्याउने अवस्थामा छन्। गोठमा रहेका मध्ये एउटा भैसी बैजनाथ गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा दिएको हो।

गाउँपालिकाबाट पाएको भैसी ब्याएर पनि दुध दिइरहेको छ। यस्तै सोही गोठमा २ वटा दुहुना गाई पनि पाल्नु भएको छ। भैसी र गाईबाट दैनिक रुपमा अचेले ५५ लिटर दुध संकलन हुन्छ। भैसीको दुध उत्पादन गर्न जत्तिकै गाह्रो बिक्री गर्दा हुन्छ। दुध बेच्न उहाँ स्थानीय मदन चोकमा पुग्नुहुन्छ। त्यहाँ लगेर डेरी पसललाई प्रति लिटर ६० देखी ६५ रुपैयाँमा दिनुहुन्छ। डेरीले दुध बिक्री गरेपछि मात्र उहाँको हातमा पैसा थमाउँछ।

उक्त फर्मको सञ्चालक उहाँकी श्रीमती पवित्रा जैसी हुनुहुन्छ। श्रीमती र आफु मिलेर भैसी, बाख्रा र गाईको स्याहार गर्दै आएको बताउनुभयो। जैसी परिवारले भैसीसँगै ब्यवसायिक बाख्रा पालनलाई पनि सँग-सँगै अगाडी बढाएको छ। एउटा बाख्राबाट सुरु गरेर अहिले खोरमा १२ वटा छन् । यि मध्ये २ वटा बाख्रा गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा आर्थिक वर्ष २०८०/०८१ मा दिएको हो ।

दुबै बाख्रामध्ये एउटाबाट पाठो र अर्कोबाट पाठी ब्याएका छन् । गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मै उनलाई अनुदानमै घाँस काट्ने मेसिन पनि दिएको छ । यस्तै 'बर्सिम' जातको घाँसको बीउ पनि गाउँपालिकाबाट अनुदानमै पाउनु भएको छ। उहाँले करिव १ बिघा जमिनमा घाँस खेती गर्नु भएको छ। आफुसँग ५ कठ्ठा मात्र जमिन रहेको र बाँकी जमिन भाडामा लिएको पवित्राले बताउनु भयो।

गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम सञ्चालन गरेर आफुहरु जस्ता किसानलाई हौसला दिइरहेको सञ्चालक पवित्रा बताउनु हुन्छ । 'यो कार्यक्रममा कुनै न कुनै किसान समेटिएका छन्, यसले गर्दा धेरै किसानको आर्थिक अवस्था माथी उठेको छ,' उहाँले भन्नुभयो।



तरकारी बारीमा बैजनाथ–६ गडरहीका किसान चुल्हौ थारु।

# किसानको मेहनतलाई स्थानीय सरकारबाट कदर

*मेहेनतको कदर स्वरुप बैजनाथ गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदानमा सिंचाईका लागि पानी तान्ने पम्पसेट प्राप्त गर्नुभयो। यस्तै आर्थिक वर्ष २०८१/०८२ मा पनि तरकारी ढुवानी गर्नका लागि सोही कार्यक्रममार्फत अनुदानमा ईलेक्ट्रीक रिक्सा पाउनु भएको छ।*

बैजनाथ गाउँपालिका वडा नम्बर ६ गडरही गाउँका चुल्हौ थारुले आफ्नो साढे ५ कठ्ठा जमिनमा तरकारी खेती गर्छन्। उनले खेतबारीमा मौसम र बेमौसम अनुसारका तरकारी फलाउँछन्। यसरी फलाएको तरकारीलाई उनले घरबाटै र कोहलपुरसम्म पुर्‍याएर बिक्री गर्छन्। तरकारी खेतीले घरको सम्पूर्ण खर्च चलेको छ।

'मेहेनत अनुसारको तरकारी उत्पादन हुन्छ, उधारो कसैले खादैनन्,' उहाँले भन्नुभयो। चुल्हौंले तरकारी खेती गर्न थालेको १५ वर्ष पुगिसकेको छ। गरिवी निवारण कृषि तथा पशुपंक्षी फर्म दर्ता गरेर ब्यवसायिक रुपमा कृषि कर्म गरिरहनु भएको छ। उहाँको मेहेनतलाई स्थानीय सरकारले कदर गरिरहेको छ। मेहेनतको कदर स्वरुप बैजनाथ गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदानमा सिंचाईका लागि पानी तान्ने पम्पसेट प्राप्त गर्नुभयो।

यस्तै आर्थिक वर्ष २०८१/०८२ मा पनि तरकारी ढुवानी गर्नका लागि सोही कार्यक्रममार्फत अनुदानमा ईलेक्ट्रीक रिक्सा पाउनु भएको छ। तरकारी खेती गर्नलाई मुख्यतः उहाँलाई सिंचाईकै समस्या छ। उहाँले सिंचाई गर्नलाई दुई वटा मोर्टर जोड्नु भएको छ। एक छोरीसहित तीन जना रहेको उहाँको परिवारमा श्रीमान र श्रीमतीको ध्यान कृषितिरै छ।

श्रीमती ललिता थारुले पनि श्रीमानलाई पूर्ण रुपमा साथ दिइरहनु भएको छ। ललिता दुर्गा कृषी समुहमा पनि आवद्ध र

हनु भएको छ। दुबै जनाले खेतबारीमा सँग-सँगै काम गर्नुहुन्छ। तरकारी बिक्री पनि सँग-सँगै गर्नुहुन्छ । 'मैले घरमा आएका ग्राहकलाई बिक्री गर्छु, श्रीमानले घरभन्दा बाहिर लगेर बेच्नुहुन्छ,' ललिताले भन्नुभयो। विशेषगरी बेमौसमी काँक्रो, भिण्डी, बोडी, आलु, ब्रोकाउली, फर्सी, लौका, टमाटर लगायत तरकारी उत्पादन हुन्छ।

'मौसमी भन्दा बेमौसमी तरकारीले राम्रो मुल्य पाउँछ, घर खर्च चलेको छ। तरकारी खेतीबाट यसवर्ष करिव ३ लाख रुपैयाँ आम्दानी भएको छ। यसवर्ष काउली ५ क्वीन्टल बिक्री भयो। यस्तै काँक्रो ३५ क्वीन्टल, फर्सीको मुन्टा ३ क्वीन्टल, करेला ४ क्वीन्टल, भिण्डी ४ क्वीन्टल, ब्रोकाउली ३ क्वीन्टल, आलु करिव ७ क्वीन्टल बिक्री भयो। आलु उत्पादनका लागि गाउँपालिकाले बीउमा अनुदान पनि दिएको थियो। तरकारीमा कुनैपनि विषादी प्रयोग गरिदैन।

तरकारी खेती गर्नका लागि गाउँपालिकाले आवश्यकता अनुसार समय-समयमा तालिम दिने गरेको छ। श्रीमान र श्रीमती दुबै जनाले तालिम लिनु भएको छ। तरकारीबाट भएको आम्दानी प्रत्यक्ष रुपमा नदेखिएपनि घरको सम्पूर्ण खर्च भने धाने को थारु दम्पत्ती बताउँछन्। पक्की घर बनाउँदा तरकारी खेतीको आम्दानीको केही हिस्सा लगानी भएको छ। भविष्यमा अझैपनि कृषिमै लगानी बढाउँदै जाने उनीहरुको धोको छ।

'कृषि पेशा छाडेर अब अन्यत्र कतै जान सकिन्न,' चुल्हौ भन्नुहुन्छ 'उत्पादन भएको तरकारीले राम्रो बजार मुल्य पाउने हो भने किसानले पेशा छाड्न आवश्यक नै छैन।' गाउँपालिकाले कृषिमा गरेको लगानी धेरै राम्रो भएको उहाँ बताउनु हुन्छ। 'कृषिकर्म गर्ने किसानको लागि गाउँपालिकाले धेरै राम्रो काम गरेको छ, बैजनाथ गाउँपालिकाका हामी किसानहरु यो कुरामा निकै भाग्यमानी छौं,' उहाँले भन्नुभयो।


कृषक गुनासो सुनुवाईका लागि

नि:शुल्क फोन गर्नुहोस्

टोल फ्री नं.: १८१०५०००२१२

बैजनाथ गाउँपालिका

रामपुर बाँके

इमेल : baijanathrumun@gmail.com

वेबसाइट : www.baijanathmun.gov.np




**किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदानमा पाएको बंगुर देखाउँदै बैजनाथ-५ छमनियाका मेवाला थारु।**

# "वास्तविक किसानलाई कार्यक्रम धेरै राम्रो छ"

*फर्म सञ्चालन गर्दै गर्दा गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम मार्फत आर्थिक वर्ष २०८०/०८१ मा ३ वटा उन्नत जातका बीर ७० प्रतिशत अनुदानमा दियो। गाउँपालिकाले दिएका बीर बंगुरबाट फर्ममा थुप्रै पाठा पाठी उत्पादन भए। त्यसरी उत्पादन भएका पाठा पाठीलाई उहाँले बिक्री पनि गरिसक्नु भएको छ।*

बैजनाथ-५, छमनियाका मेवाला थारुले बंगुर पाल्न थालेको करिब ८ वर्ष पुग्यो। तर, फर्म दर्ता गरेर व्यवसायिक रुपले बंगुर पाल्न थालेको भने ५ वर्ष मात्र पुरा भएको छ। आयुशा बंगुर तथा कृषि पशुपंक्षी फर्ममार्फत अहिले सबै कारोबार गर्नुहुन्छ। सुरुका वर्ष सानो र ठुलो गरी ६ वटाबाट पाल्न सुरु गर्नु भएको थियो।

बंगुरको मासु र पाठा, पाठी उत्पादन गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त फर्ममा अहिले सानो र ठुलो गरेर १० वटा बंगुर छन्। यसवर्ष मात्रै उहाँले १९ वटा पाठा र पाठी बेचिसक्नु भएको छ। करिव ४५ दिनसम्म हुर्काएका पाठा, पाठीलाई ६ हजार रुपैयाँका दरले बेच्नु भएको हो। यस्तै मासुका लागि दुई वटा बंगुर बेच्नु भएको छ।

उहाँका अनुसार एउटा ७० किलो र अर्को एक क्वीन्टल बंगुर मासुका लागि बेच्नु भएको हो। 'पहिला त्यतिकै रहर लागेर बंगुर पारेको थिए, त्यसपछि खोर तयार गरेर फर्म पनि दर्ता गरे र ब्यवसायिक रुपले पाल्न थालेको हुँ,' उहाँ भन्नुहुन्छ। खोरमा रहेका ४ वटा माउ यसै वर्ष ब्याउने अवस्थामा छन्।

फर्म सञ्चालन गर्दै गर्दा गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम मार्फत आर्थिक वर्ष २०८०/०८१ मा ३ वटा उन्नत जातका बीर ७० प्रतिशत अनुदानमा दियो। गाउँपालिकाले दिएका बीर बंगुरबाट फर्ममा थुप्रै पाठा पाठी उत्पादन भए। त्यसरी उत्पादन भएका पाठा पाठीलाई उहाँले बिक्री पनि गरिसक्नु भएको छ। बीरबाट बंगुरलाई बाली गराए वापत ३ हजार रुपैयाँ आम्दानी हुन्छ।

यस्तै गाउँपालिकाले अनुदानमै बंगुरको दाना बनाउने मेसिन पनि दिएको छ। आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाले सोही कार्यक्रममार्फत घाँस काट्ने मेसिन अनुदानमा दिएको छ। ब्यवसायिक बंगुर पालन गर्दा वार्षिक रुपमा डेढ लाख रुपैयाँ फाईदामा रहेको मेवालाले सुनाउनु भयो। 'बंगुर पालन गर्दा अहिले फाईदामा छु, प्रायः दानाको रुपमा ब्राण्ड नै खुवाउँछु, मकै पनि खुवाउँछु,' उहाँले भन्नुभयो। बंगुरलाई कहिले काही 'जलुको' पनि खुवाउने गरेको किसान मेवालाले बताउनु भयो। ब्यवसायिक बंगुर पालनले परिवारको सम्पूर्ण खर्च धानेको छ। 'बंगुर पालन गरेर घर बनायौं, घरको सम्पूर्ण खर्च पनि यसैले धानेको छ,' उहाँले भन्नुभयो।

बंगुरलाई खुवाउन उहाँले 'बर्सिम' लगायत घाँस खेती पनि गर्नु भएको छ। जंगल छेउमै रहेकाले बंगुर फर्म वन्यजन्तुबाट जोखिममा रहेको छ। चितुवाले एक पटक बंगुरलाई खोरबाटै लिएर गएको स्मरण गराउँदै भन्नुभयो, 'खोर अत्यन्त जीर्ण अवस्थामा छ, यसलाई थप निर्माण गर्नुपर्नेछ।' जीर्ण खोर निर्माण र अझै बंगुरको चारो संकलन गर्नका लागि ईलेक्ट्रीक रिक्सा आवश्यक रहेको किसान मेवाला बताउनु हुन्छ।

किसानसँग पालिका प्रमुख कार्यक्रम वास्तविक किसानका लागि एकदमै प्रभावकारी रहेको उहाँको बुझाई छ। 'वास्तविक किसानलाई यो कार्यक्रम धेरै राम्रो छ, कोही पनि किसान अनुदानबाट बञ्चित भएको छैन,' उहाँले भन्नुभयो।



भैसी फर्ममा बैजनाथ–२ कलरामपुरका भबिसरा बुढाथोकीको दम्पत्ती ।

# भैसी पालनले विदेशका श्रीमानलाई फर्कायो गाउँमै

*सुरुमा दुई वटा भैसी पाल्नु भएकी उहाँले बिस्तारै बढाउँदै लैजानु भयो । अहिले उहाँको फर्ममा ३ वटा ठुला र २ वट साना भैसी छन् । ब्यवसायिक भैसी पालन गर्दै-गर्दा बैजनाथ गाउँपालिकाबाट पनि उहाँले सहयोग पाइरहनु भएको छ ।*

शहरमा घर जोडेपनि भबिसरा बुढाथोकीको परिवार अहिले गाउँमै बसेको छ । परिवारका सबै सदस्यसहित गाउँमा बस्न थालेको दुई वर्ष जति भईसक्यो । बैजनाथ गाउँपालिका वडा नम्बर २ कलरामपुरस्थित स्यानी गाउँमा जग्गा किनेर उनीहरुले व्यवसायिक भैसी पालन गरिरहनु भएको छ ।

कोहलपुरमा करिव १७ वर्ष बसेको उनको परिवार अहिले गाउँमै कृषिकर्ममा रमाईरहेको छ । 'कृषिमै पसिना बनाउने सोचका साथ हामीहरु गाउँमा फर्केका हौं,' भबिसराले भन्नुभयो, 'शहर भन्दा गाउँमै रमाईलो छ, भैसीको लालन पालनमै समय बितेको पत्तो हुदैन ।'

स्यानी गाउँ कृषि तथा पशुपंक्षी दर्ता गरेर भबिसराले व्यवसायिक रुपमा भैसी पाल्न थाल्नु भएको हो । सुरुमा दुई वटा भैसी पाल्नु भएकी उहाँले बिस्तारै बढाउँदै लैजानु भयो । अहिले उहाँको फर्ममा ३ वटा ठुला र २ वट साना भैसी छन् । ब्यवसायिक भैसी पालन गर्दै-गर्दा बैजनाथ गाउँपालिकाबाट पनि उहाँले सहयोग पाइरहनु भएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत उनले ७० प्रतिशत अनुदानमा भैसी पाउनु भयो । अनुदानमा ल्याएको भैसी ब्याएर करिव एक वर्षसम्म दुध दियो । अहिले पनि भैसीले दुध दिइरहेको छ । आर्थिक वर्ष २०८१/०८२



किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत अनुदानमा पाएको भैसी देखाउँदै भबिसरा बुढाथोकीका दम्पत्ती।

मा पनि घाँस काट्ने मेसिन पाउनु भएको छ । भबिसराको फर्ममा अहिले एउटा मात्र दुहुनो भैसी छ, बाँकी दुई वटा भने ब्याउने अवस्थामा छन् । भबिसराले दुई वटा भैसीबाट पनि राम्रै आम्दानी गर्नुभयो। 'आम्दानी राम्रै भएको छ, मेहेनत अनुसार भैसी पालनबाट आम्दानी हुँदो रहेछ,' उहाँले भन्नुभयो। गाउँपालिकाले उनको भैसीलाई निःशुल्क रुपमा खोप दिदै आएको छ।

भैसीको बीमा पनि बनेको छ। भैसीका लागि मकैचरी, बर्सिम लगायत घाँसहरु पनि रोपेकी छन्। गाउँपालिकाले घाँसको बीउहरु निःशुल्क रुपमा दिइरहेको छ। भैसीलाई गहुँको भुस, पिसेको मकै, पिसेको गहुँ, पिना पनि खुवाउने गरेको बताइन्। ब्यवसायिक भैसी पालनसहित कृषिकर्म गर्ने सोचका साथ भबिसराले विदेशमा रहेका श्रीमान कर्णबहादुरलाई घर फर्काउनु भयो। करिव १८ वर्ष बैदेशिक रोजगारीका लागि दुबई बस्नु भएका भबिसराका श्रीमान घरमा फर्केपछि भने ब्यवसायिक भैसी पालनमा निरन्तर जोडिनु भएको छ। २०८० जेठमा विदेशबाट फर्केका कर्णबहादुर अब आफ्नै ठाउँमा कृषि पेशामा रमाउने बताउनु हुन्छ। 'भैसी पालनमा राम्रै सम्भावना देखेको छु, एउटा भैसीले एउटा भैसी नाफा दिदो रहेछ,' उहाँले भन्नुभयो, 'अब आफ्नै ठाउँमा कृषि पेशा गर्ने हो, विदेशमा काम गर्न अब नजाने सोच बनेको छ।'

राम्रो जातको भैसी पाल्ने कर्णबहादुरको योजना छ। कृषि र पशु पालन ब्यवसायमै अब पसिना बगाउने उहाँ बताउनु हुन्छ। बैजनाथ गाउँपालिकाले कृषि र पशु पालनमा केही गर्न चाहने किसानका लागि यो राम्रो कार्यक्रम ल्याएको कर्णबहादुरको बुझाई छ।

❖ **मानो रोपौं, मुरी फलाऔं ।**

❖ **पसिना बगौं, सम्मुनत बनौं ।**



किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत निर्मित सिंचाई कुलो देखाउँदै बैजनाथ–२ मकैबारीका मानबहादुर रोकाय।

# सिंचाई कुलोले फेरियो किसानको दिनचर्या

*अध्यक्ष रोकायका अनुसार गाउँपालिकाले उक्त समुहलाई पक्की सिंचाई कुलोसहित मकै छोडाउने मेसिन, धान काट्ने मेसिन, स्प्रे ट्यांकी, मिनी टेलर, बीउ भण्डारण गर्ने ब्याग लगायत सामाग्री अनुदानमा दिएको छ । ति सामाग्री प्रयोग गरेर यहाँका किसानले कृषिलाई अगाडी बढाईरहेका छन् ।*

कुनै समय गाउँमा सिंचाई सुविधा नहुँदा निकै हैरानी ब्यहोर्ने गरेका बैजनाथ गाउँपालिका वडा नम्बर २ मकैबारीका किसानलाई अहिले बेमौसमी तरकारी तथा खाद्यान्न बाली स्याहार्न भ्याई-नभ्याई छ। गाउँमा सिंचाई कुलो बनेपछि किसानको दिनचर्या नै फेरिएको छ। उनीहरु खेतबारीमै ब्यस्त भएका छन्।

बैजनाथ गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ३ सय मिटर सिंचाई कुलो निर्माण गरिदियो । यसले गर्दा गाउँमा किसानलाई ठुलो राहत मिल्यो । सम्झना तरकारी तथा आलु उत्पादक कृषक समुहमा करिव २२ घरधुरी किसान आवद्ध छन् ।

'पहिला गाउँमा परम्परागत कुलो थियो, परम्परागत कुलो ले सिंचाई गर्न गाह्रो हुन्थ्यो,' कृषक समुहका अध्यक्ष मानबहादुर रोकायले भन्नुभयो, 'गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममा जोडेर कुलो बनाईदियो, अहिले धेरै राम्रो भएको छ, किसानहरु धेरै खुसी छौं, हामीले बेमौसमी तरकारी र खाद्यान्न बाली रोप्न पाएका छौं ।'

गाउँमा निर्मित डिपट्यूवेलमार्फत पक्की कुलो बनाएर किसानले आफ्ना खेतबारीमा सिंचाई गरिरहेका छन् । 'यो वर्ष मात्रै मैले एक लाख रुपैयाँको मकै बेचे, बारीमा मकै, भिण्डी, खुर्सानी लगायत बेमौसमी र मौसमी तरकारी फलाउँछौं, हाम्रो खेतबारी कहिल्यै खाली रहन्न,' मानबहादुर भन्नुहुन्छ । सोही समुहकी सदस्य कौशिला रोकायले करिव १० कठ्ठा जमिनमा खुर्सानी, मकै, टमाटर, मुङ फलाउनु भएको छ । पक्की कुलो आफ्नो खेतबारीमै आएपछि खेती गर्न रहर जागेको उहाँले बताउनुभयो । 'गाउँपालिकाले पक्की कुलो बनाईदियो, हामीलाई धेरै नै सुबिधा भयो,' उहाँले भन्नुभयो, 'सिंचाई सुविधा भएपछि कृषिको काम गर्न पनि जाँगर चल्दो रहेछ ।' उक्त गाउँमा विशेषगरी पहाडी समुदायको बसोबास रहेको छ । जाजरकोट,



किसानसँग पालिका प्रमुख कार्यक्रमबाट पाएको कृषि यान्त्रीकरण देखाउँदै मानबहादुर रोकाय।

दैलेख, सुर्खेत लगायत जिल्लाबाट बसाई सरेर आएकाहरुको बसो बास छ। अधिकांसले कृषिलाई नै आफ्नो मुख्य पेशा बनाएका छन्। गाउँमा विभिन्न कृषक समुह सक्रिय छन्।

अध्यक्ष रोकायका अनुसार गाउँपालिकाले उक्त समुहलाई पक्की सिंचाई कुलोसहित मकै छोडाउने मेसिन, धान काट्ने मेसिन, स्प्रे ट्यांकी, मिनी टेलर, बीउ भण्डारण गर्ने ब्याग लगायत सामाग्री अनुदानमा दिएको छ। ति सामाग्री प्रयोग गरेर यहाँका किसानले कृषिलाई अगाडी बढाईरहेका छन्। 'गाउँपालिकाले किसानको लागि धेरै राम्रो काम गरेको छत, किसानलाई आवश्यक पर्ने सामान दिएको छ, ति सामान वास्तविक किसानको हातमा पुगेको छ,' मानबहादुरले भन्नुभयो।

किसानसँग पालिका प्रमुख कार्यक्रमले धेरै किसानलाई उर्जा प्रदान गरेको उहाँले बताउनु भयो। 'यस्तो कार्यक्रम बाँकेका अरु कुनैपनि पालिकामा भएको छैन, हाम्रो पालिकामा गाउँपालिका अध्यक्षको किसानमैत्री सोचका कारण मात्र यो सम्भव भएको हो,' मानबहादुरले भन्नुभयो।

- पशुलाई नि:शुल्क औषधी उपचार गरौं।
- गाई भैंसी र बाखाको कृत्रिम गर्भाधान गरौं।
- पशु सम्बन्धी परामर्श लिने गरौं।
- पशुहरूमा लाग्ने रोगविरूद्ध भ्याक्सिनेशन गरौं।
- आधुनिक तरिकाले गोठ तथा खोरको सुधार गरौं।
- पशु प्रवर्द्धन तथा युवा लक्षित कार्यक्रम गरौं।



गाउँपालिकाको अनुदानमा रोपेको उन्नत जातको घाँस देखाउँदै बैजनाथ–२ पहाडीपुरका किसान बेदप्रसाद शर्मा ।

# पशु चौपायालाई उन्नत जातको घाँस

*किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत गाउँपालिकाले किसानहरुलाई वर्षेनी अनुदानमै घाँसको बीउ वितरण गर्छ । यसरी वितरण गरिएको बीउलाई किसानले आफ्नो खेतबारीमा रोप्छन् । यस्तै मध्येका किसान हुनुहुन्छ, बेदप्रसाद शर्मा । बैजनाथ गाउँपालिका वडा नम्बर २ पहाडीपुरका किसान शर्माले पराजुली कृषि तथा पशुपालन फर्म नै दर्ता गरेर पशुपालन गर्दै आउनु भएको छ ।*

✍पशु चौपायाका लागि पोषिलो खाने कुराका रुपमा उन्नत जातको घाँसलाई लिने गरिन्छ। पशुपालन ब्यवसाय गर्ने जो कोहीका लागि यो घाँस रोप्नु अनिवार्य हुन्छ। किसानलाई उन्नत जातका घाँसहरु रोप्न बैजनाथ गाउँपालिकाले उत्प्रेरित गरिरहेको छ।

किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत गाउँपालिकाले किसानहरुलाई वर्षेनी अनुदानमै घाँसको बीउ वितरण गर्छ। यसरी वितरण गरिएको बीउलाई किसानले आफ्नो खेतबारीमा रोप्छन्। यस्तै मध्येका किसान हुनुहुन्छ, बेदप्रसाद शर्मा। बैजनाथ गाउँपालिका वडा नम्बर २ पहाडीपुरका किसान शर्माले पराजुली कृषि तथा पशुपालन फर्म नै दर्ता गरेर पशुपालन गर्दै आउनु भएको छ।

पशुपालनका लागि उनले आफ्नो खेतबारीमा उन्नत जातका घाँसहरु रोप्नु भएको छ । शर्माले आफ्नो खेतबारीमा मकैचरी जातको घाँस रोप्नु भएको छ। यस्तै खेतबारीको वरिपरी उहाँसँग डालेघाँस पनि प्रसस्त मात्रामा रहेको छ। 'गाउँपालिकाले अनुदानमा बीउ दिन्छ, त्यही बीउलाई छरेर घाँस उत्पादन गर्दै आएको छु,' शर्माले भन्नुभयो ।

पशुपालनका लागि उन्नत जातको बीउ निकै उपयोगी हुने उनी बताउँछन् । उहाँले आर्थिक वर्ष २०८१/०८२ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत पावर टेलर पनि पाउनु भएको छ। शर्माको फर्ममा अहिले गाई र बाख्रा छन्। गाई दुई वटा र बाख्रा ४ वटा छन्। 'बाख्रा बिक्री गरेर कम संख्यामा झारेको छु, करिव ९० हजारको बाख्रा बेचे, दुई वटा बाख्रा मरे, फेरी बाख्राको संख्या बढाउने सोचमा छु,' उहाँले भन्नुभयो, '५ वटा जति भैसी पालेको थिए, लगानी बढाउन नसकेर बेचिहाले ।'

पशुपालन सहित उनले खाद्यान्न बाली उत्पादन गर्छन् । खाद्यान्न बाली उत्पादन गरेर पनि मनग्य आम्दानी गरिरहनु भएको छ। 'मकै खेतीबाट यो वर्ष दुई लाख जति आम्दानी गरे,' शर्माले भन्नुभयो । शर्माको फर्ममा रहेका गाईबाट दैनिक ५ लिटर दुध उत्पादन हुन्छ।

गाईको दुध गाउँमा सहजै बिक्री हुन्छ। पशुपालन गर्नका लागि ब्यवस्थित गोठ र पानीको प्रसस्त सुविधा हुनुपर्ने उहाँको बुझाई छ। 'यि कुराको समस्याले गर्दा पाल्न मन लागेपनि गाईको संख्या बढाउन सकेको छैन,' शर्मा भन्नुहुन्छ । किसानसँग पालिका प्रमुख कार्यक्रमले निम्न र मध्यम वर्गका किसानको आर्थिक अवस्था बलियो बनाएको र धेरैलाई कृषिमा लागिरहन हौसला दिइरहेको उहाँ बताउनुहुन्छ। 'कृषि र पशुपालन क्षेत्रमा केही गर्छु भन्ने सोच राखेका किसानका लागि यो कार्यक्रम एकदमै राम्रो छ, गाउँपालिकाले पनि त्यस्ता किसानको पहिचान गरेर सहयोग गरिरहेको छ, यो एकदमै सकारात्मक कुरा हो,' शर्माले भन्नुभयो।



किसानसँग पालिका प्रमुख कार्यक्रमबाट पाएको ई–लोडिङ रिक्सा देखाउँदै मानबहादुर बुढा।

# कृषिमा चम्केको रारा बस्ती कृषक समुह

*समुहले आवश्यकता अनुसार सामुहिक खेती गरिरहेको अध्यक्ष मानबहादुर बुढा बताउनुहुन्छ । 'हाम्रो समुहले आवश्यकता अनुसार खेती गरेर त्यसको उत्पादनलाई बिक्री गर्छ,' बुढाले भन्नुभयो, 'हाम्रो समुहमा आवद्ध हुनु भएका प्रायः किसानले ब्यक्तिगत रुपमा खेती गर्नु भएको छ ।'*

पबैजनाथ गाउँपालिका वडा नम्बर १ चिसापानीमा रहेको रारा बस्ती कृषक समुहमा १६ जना किसान आवद्ध हुनुहुन्छ। समुहका किसानले सामुहिक र ब्यक्तिगत रुपमा कृषिकर्म गरिरहन् भएको छ। समुहले जग्गा ठेक्कामा लिएर सामुहिक खेती गर्छ, भने समुहमा आवद्ध रहेका किसानले ब्यक्तिगत रुपमा पनि खेती गर्छन्। आर्थिक वर्ष २०८१/०८२ समुहले ६ कठ्ठा जमिनमा सयपत्री फुलको खेती गर्‍यो ।

अघिल्लो आर्थिक वर्षमा पनि समुहले साढे ७ कठ्ठा जमिनमा सयपत्री फुलको खेती गरेको थियो । समुहले आवश्यकता अनुसार सामुहिक खेती गरिरहेको अध्यक्ष मानबहादुर बुढा बताउनुहुन्छ। 'हाम्रो समुहले आवश्यकता अनुसार खेती गरेर त्यसको उत्पादनलाई बिक्री गर्छ,' बुढाले भन्नुभयो, 'हाम्रो समुहमा आवद्ध हुनु भएका प्रायः किसानले ब्यक्तिगत रुपमा खेती गर्नु भएको छ ।' आफुले ब्यक्तिगत रुपमा मकै, धान गहुँ लगायत खाद्यान्न बाली र तरकारीहरु रोप्ने गरेको बताउनु भयो ।

'बर्खायाममा एक विघा जमिनमा ३५ क्वीन्टल जति धान उत्पादन हुन्छ, त्यसमध्येको केही बजारमा बिक्री पनि गर्छौं,' उहाँले भन्नुभयो । गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा उक्त समुहलाई दुई थान इलेक्ट्रिक रिक्सा, समुहका ५ जना किसानलाई प्राङ्गारिक मल बनाउने खाडल निर्माणमा ७० प्रतिशत अनुदान दिएको छ।

यस्तै गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा पनि अनुदानमै स्प्रे ट्यांकी, बीउ बिजनहरु पनि समुहलाई उपलब्ध



**रारा बस्ती कृषक समुहका मेहनती किसान गणेश ऐडी।**

गराएको छ। उक्त समुहका सदस्य गणेश एडी मेहेनती किसानको सूचीमा पर्नुहुन्छ। उहाँले आफ्नो पुरै (१ विघा)जमिनबाट खाद्यान्न बालीका साथै बेमौसमी र मौसमी तरकारीहरु उत्पादन गर्नुहुन्छ। उहाँ बैजनाथ-१ का कहलिएका युवा किसान हुनुहुन्छ। उहाँको जमिन कहिल्यै खाली हुदैन।

आफ्नो एक विघा जमिनमा उहाँले खुर्सानी, करेला, टमाटर, प्याज, आलु, भिण्डी, बोडी, काँक्रो लगायतका तरकारीहरु उत्पादन गर्नुहुन्छ। उहाँले साढें तीन कठ्ठा जमिनमा फलाएको ८० क्वीन्टल टमाटर बेच्नुभयो। एडीले बर्खामा धान बाली र हिउँद महिनामा तरकारी खेती गर्नुहुन्छ। यसवर्ष थप १४ कठ्ठा जमिन भाडामा लिएका छन्। उहाँले यसवर्ष ६ महिनाभित्रमा साढे ३ लाख रुपैयाँको तरकारी बिक्री गर्नुभयो। 'तरकारी खेती गर्दा मेरो ६० हजार जति खर्च लागेको थियो, बिक्री साढे ३ लाख रुपैयाँको भयो,' एडीले भन्नुभयो। घरमा रहेका ७ जना सदस्यहरु प्रायः खेतबारीमै हुन्छन्। समुहमा आवद्ध भएपनि उहाँले ब्यक्तिगत रुपमा 'एडी कृषि फर्म' दर्ता गरेर कृषिकर्म गरिरहनु भएको छ।

किसान एडीको उक्त फर्मलाई गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा मिनी टेलर र मन्चिङ प्लाष्टिक प्रदान गरेको छ। गाउँपालिका स्तरिय प्रतियोगितामा मसलाजन्य(खुर्सानी) उत्पादनमा तेस्रो भए वापत सम्मान स्वरुप स्प्रे ट्यांकी पाएका छन्। गाउँपालिकाले समय-समयमा उहाँलाई प्राविधिक तालिम पनि दिइरहेको छ।

तरकारी खेतीबाट घरको सम्पूर्ण खर्च चलेको किसान एडी बताउनु हुन्छ। आफ्नो उत्पादनले बजार मुल्य पाउन नसकेकोमा उहाँलाई चिन्ता छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत बैजनाथ-१ चिसापानीमा तरकारी संकलन केन्द्र निर्माण गरेकाले केही राहत मिल्ने उहाँको विश्वास छ। कक्षा ९ मा पढ्दा-पढ्दै कामका लागि भारत गएका एडी केही वर्ष त्यतै बसेर गाउँमा फर्केपछि आधा कठ्ठा जमिनबाट तरकारी खेती सुरु गर्नु भएको थियो।

समुहका अध्यक्ष बुढाका अनुसार यहाँका अधिकांस किसानले आफ्नो परिवारको खर्च चलाउन कृषि पेशा गरेका छन्। यि मध्ये धेरैजसोले तरकारी खेती गरेर मनग्य आम्दानी गरिरहेका छन्। किसानसँग पालिका प्रमुख कार्यक्रम नै यसको प्रमुख कारण भएको उहाँको बुझाई छ। 'किसानसँग पालिका प्रमुख कार्यक्रम धेरै राम्रो छ, यो कार्यक्रमलाई अझै प्रभावकारी बनाउन आवश्यक छ,' अध्यक्ष बुढा भन्नुहुन्छ।



माछा पालन गरेको पोखरी देखाउँदै बैजनाथ–१ चिसापानीका किसान तुलसीराम चौधरी।

# गाउँपालिकाको अनुदानले उत्साहित तुलसीराम

*बैजनाथ गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत माछापालनका लागि पोखरी मर्मत, भुरामा अनुदान दिएको छ । यसले किसानलाई थप उत्साहित बनाएको छ ।*

✍बैजनाथ गाउँपालिका वडा नम्बर १ चिसापानीमा रहेको मुलपानी माछापालन समुहमा २५ जना किसान आवद्ध हुनुहुन्छ। समुहमा आवद्ध सबै किसानले माछा पालनका लागि पोखरी बनाउनु भएको छ । २०५८ सालदेखी गर्दै आएको माछापालन ब्यवसायलाई थप ब्यवस्थित गरिएको हो।

बैजनाथ गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत माछापालनका लागि पोखरी मर्मत, भुरामा अनुदान दिएको छ । यसले किसानलाई थप उत्साहित बनाएको छ । समुहका अध्यक्ष तुलसीराम चौधरीका अनुसार गाउँपालिकाले अनुदानमा किसानको पोखरी मर्मत र २ सय ५० भुरा दिएको छ। 'अहिले प्रायः सबै किसानले पोखरीमा माछाका भुरा हालेका छन्, कमनकार्प, ग्रासकार्प, रोहु, नैनी लगायत जातका माछा पाल्छौं,' उहाँले भन्नुभयो, 'मसँग मात्रै ५ वटा पोखरी छ, सबै पोखरीमा भुरा हालेको छु।' उहाँले एक वर्षमा एक पटक पोखरीमा भुरा हाल्ने गर्नु भएको छ। राम्रो भएमा एउटा पोखरीबाट करिब १ क्वीन्टल माछा उत्पादन हुने तुलसीराम बताउनु हुन्छ।

उत्पादन भएको माछा बिक्री गर्न कत्तिपनि समस्या नभएको उहाँले सुनाउनु भयो । उत्पादन भएको माछा घरबाटै प्रतिकिलो ४ सय रुपैयाँमा बिक्री हुने गरेको किसान तुलसीराम बताउनु हुन्छ । माछापालन ब्यवसायमा जोखिम भएपनि राम्रो आम्दानी लिन सकिने उहाँको बुझाई छ।

**कृषि र पशुपालनबाट मनग्य आम्दानी**

उज्यालो कृषि तथा पशुपंक्षी फर्मका सञ्चालक रहेका तुलसीरामले लोकल कुखुरा र बंगुर पालन तथा तरकारी र खाद्यान्न बाली लगाएर पनि मनग्य आम्दानी लिइरहेका छन् । उनका खोरमा अहिले १ सय वटा लोकल कुखुरा, बंगुर २ वटा छन् ।



किसानसँग पालिका प्रमुख कार्यक्रमबाट प्राप्त दाना बनाउने मेसिन देखाउँदै तुलसीराम चौधरी ।

यस्तै उहाँले ५ कठ्ठा जमिनमा मौसमी र बेमौसमी तरकारी फलाईरहेका छन् । काँक्रो, फर्सी, लौका, भिण्डी, करेला, बोडी उत्पादन गर्नुहुन्छ । उत्पादन भएको कुखुरा, बंगुर र तरकारी चिसापानी बजारमै खपत हुन्छ । उहाँ बंगुरको मासु र पाठा पाठी बिक्री गर्नुहुन्छ । 'कुखुरा, बंगुर र तरकारी चिसापानी बजारमै बिक्री गर्छौं,' उहाँले भन्नुभयो ।

किसान तुलसीरामले कुखुरा र बंगुर पालन तथा मौसमी र बेमौसमी तरकारी खेतीलाई निरन्तरता दिईरहँदा गाउँपालिकाले पनि उहाँलाई हरेक सामानमा अनुदान दिइरहेको छ । किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत आर्थिक वर्ष २०८०/०८१ मा ७० प्रतिशत अनुदानमा बंगुरको दाना बनाउने मेसिन पाउनु भएको छ । यस्तै सोही कार्यक्रममार्फत आर्थिक वर्ष २०८०/०८१ मै ढुवानीका लागि इलेक्ट्रिक रिक्सा पाउनु भएको छ ।
यसैगरी अनुदानमा तरकारीको बीउ, बिजन पनि पाउनु भएको छ । आर्थिक वर्ष २०७९/०८० मा सोही कार्यक्रममार्फत ५० प्रतिशत अनुदानमा सिंचाई पम्पसेट, डेलिभरी पाईप र स्प्रेट्यांकी प्राप्त गर्नु भएको छ । 'यो कार्यक्रम एकदमै राम्रो छ, जसले कृषिमा राम्रो काम गरेको छ, उसले अनुदान पाउनुपर्छ,' तुलसीरामले भने ।

❖ **मानो रोपौं, मुरी फलाऔं ।**

❖ **पसिना बगौं, सम्मुनत बनौं ।**



किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत पाएको पावर टिलर चलाउँदै बैजनाथ–३ का किसान।

# कृषि यान्त्रीकरण र आय आर्जनमा जोडिए सहकारीका किसान

*बैजनाथ गाउँपालिकाले सञ्चालन गरेको किसानसँग पालिका प्रमुख कार्यक्रममा उक्त सहकारी संस्थाका सबै किसानलाई जोडिएको छ । संस्थाका किसानले उक्त कार्यक्रमबाट केही न केही अनुदान पाउनु भएको छ । किसानलाई कृषि बीउ, विजनदेखी लिएर कृषि यान्त्रीकरणमा अनुदान दिइएको छ ।*

बाँकेको बैजनाथ गाउँपालिका वडा नम्बर ३ मा रहेको नवयुग कृषि सहकारी संस्थामा करिव ४ सय किसान आवद्ध हुनुहुन्छ। संस्थाका सदस्यहरुको प्रमुख पेशा नै कृषि हो। संस्थामा रहेका किसानको आर्थिक अवस्थामा सुधार ल्याउन समुहले स्थानीय सरकारसँग समन्वय गरेर विभिन्न कार्यक्रम गर्दै आएको छ। बैजनाथ गाउँपालिकाले सञ्चालन गरेको किसानसँग पालिका प्रमुख कार्यक्रममा उक्त सहकारी संस्थाका सबै किसानलाई जोडिएको छ। संस्थाका किसानले उक्त कार्यक्रमबाट केही न केही अनुदान पाउनु भएको छ। किसानलाई कृषि बीउ, विजनदेखी लिएर कृषि यान्त्रीकरणमा अनुदान दिइएको छ।

आर्थिक वर्ष २०७९/०८० मा सहकारी संस्थाका किसानले गाउँपालिकाको किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत ७० प्रतिशत अनुदानमा ३ थान र आर्थिक वर्ष २०८१/०८२ मा एउटा पावर टेलर प्राप्त गर्नु भएको छ। यस्तै आर्थिक वर्ष २०७९/०८० मा २ थान र आर्थिक वर्ष २०८१/०८२ मा १० थान मिनी टेलर पाएको सहकारी संस्थाका




**किसानसँग पालिका प्रमुख कार्यक्रमबाट वितरण गरिएका पावर टिलर।**

व्यवस्थापक धनबहादुर थापाले बताउनु भयो। गाउँपालिकाले उक्त कार्यक्रममार्फत २०८०/०८१ मा १ थान पम्पसेट र डेलिभरी पाईप पनि दिएको छ। यस्तै आर्थिक वर्ष २०८१/०८२ मा ढुवानीका लागि ईलेक्ट्रिक रिक्सा अनुदानमा दिएको छ।

व्यवस्थापक थापाका अनुसार सहकारी संस्थाले सुरुमा आफ्ना सदस्य रहेका विपन्न वर्गका किसानको निवेदन संकलन गर्छ। उनीहरुको निवेदनका आधारमा गाउँपालिका कार्यालयमा किसानसँग पालिका प्रमुख कार्यक्रमका लागि प्रस्ताव पेश गर्छ। सोही आधारमा गाउँपालिकाले सहकारी संस्थाका सम्बन्धित किसानलाई अनुदानमा सामाग्री वितरण गर्ने गरेको छ। 'यो कार्यक्रमले गरिव तथा विपन्न वर्गका किसानलाई प्रत्यक्ष जोडेको छ, मेहेनत गर्ने किसानलाई यो कार्यक्रमले धेरै राम्रो गरेको छ,' थापाले भन्नुभयो। सहकारी संस्थाकी सदस्य एवम् सहनशिल कृषि तथा पशुपंक्षी फर्मकी सञ्चालक बालकुमारी खप्तरीले किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत एउटा पावर टिलर र दाना मेसिन पाउनु भएको छ। उहाँको फर्ममा अहिले १६ वटा बंगुर छन्।

बंगुर पालन गरेर उहाँले वार्षिक रुपमा राम्रो आम्दानी गरिरहनु भएको छ। सहकारी संस्थाकै अर्का सदस्य ओपिराम खत्री पनि कृषि र पशुपालनमा मेहेनत गर्नुहुन्छ। घरमा व्यवसायिक भैसी पालन गर्नु भएका उहाँले गाउँपालिकाको किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत आर्थिक वर्ष २०८१/०८२ मा घाँस काट्ने मेसिन ७० प्रतिशत अनुदानमा प्राप्त गर्नु भएको छ। त्यसअघि आर्थिक वर्ष २०८०/०८१ पनि ७० प्रतिशत अनुदानमै पानी तान्ने मोर्टर पाउनु भएको थियो।

'गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रमसँग किसानलाई जोडेर हामी जस्ता मेहेनत गर्ने किसानको कदर गरेको छ,' खत्रीले भन्नुभयो। संस्थाका अर्की सदस्य लक्ष्मीकुमारी थापाले पावर टिलर पाउनु भएको छ। आर्थिक वर्ष २०७९/०८० मा उहाँले गाउँपालिकाबाट अनुदानमा प्राप्त गरेको पावर टिलर को सहायताले खाद्यान्न बाली र तरकारी खेती गर्न सहज भएको बताउनु भएको छ। 'पावर टिलर भएपछि खेतबारी जोत्न धेरै सजिलो भएको छ,' उहाँले भन्नुभयो। किसानसँग पालिका प्रमुख कार्यक्रमले जग्गा जमिन भएको, तर आर्थिक अवस्था एकदमै कमजोर भएका किसानलाई राहत दिएको सहकारी संस्थाले जनाएको छ।




**किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत बैजनाथ-३ मा निर्माण गरिएको कृषि हाट बजार तथा संकलन केन्द्र ।**

# कृषि हाटबजारले बनाईदियो सहज

*बैजनाथ गाउँपालिकाले यही ठाउँमा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत कृषि हाट बजार तथा संकलन केन्द्र बनाईदिएको छ । उक्त हाट बजारको २०८१ फागुन २३ गते उद्घाटन गरेपछि प्रयोग गर्न थालिएको हो । गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा बैजनाथका विभिन्न ठाउँमा कृषि हाट बजार तथा संकलन केन्द्र निर्माण गरेको छ ।*

बैजनाथ गाउँपालिका वडा नम्बर ३ बैरहवामा हरेक शुक्रबार चहल-पहल हुन्छ । बैजनाथ गाउँपालिकाले यही ठाउँमा किसानसँग पालिका प्रमुख कार्यक्रममार्फत कृषि हाट बजार तथा संकलन केन्द्र बनाईदिएको छ । उक्त हाट बजारको २०८१ फागुन २३ गते उद्घाटन गरेपछि प्रयोग गर्न थालिएको हो ।

गाउँपालिकाले निर्माण गरेपनि सञ्चालनको जिम्मा नवयुग कृषि सहकारी संस्थाले लिएको छ । कृषि हाट बजारका संयोजक यशकुमार खप्तरीका अनुसार यहाँ किसानले फलाएका अन्नबाली, तरकारी, फलफुल लगायत ल्याएर खरिद बिक्री गरिन्छ । हाट बजार परिसरमा डेउडा नाँच पनि देखाईन्छ ।

'हाट बजारमा किसानले उत्पादन गरेको बस्तु खरिद बिक्री गर्ने मात्रै नभएर साँस्कृतिक मनोरञ्जन पनि गराईन्छ,' संयोजक खप्तरीले भन्नुभयो । हाट बजार सञ्चालक समितिका सदस्य ममता बिसीले हाट बजार नहुँदा किसानले उत्पादन गरेको तरकारी तथा फलफुल कोहलपुर र बानियाभार लैजानुपर्ने बाध्यता रहेपनि अहिले धेरै सहज बनाएको बताउनु भयो । 'पहिले डाला, छिट्वा र ढकियामा राखेर कोहलपुर, बानियाभारतिर किसानहरु बेच्न जान्थ्ये, अहिले आफ्नै गाउँमा लाग्ने हाट बजारमा ल्याएर आफ्नो उत्पादन बिक्री गर्छन्, धेरै सजिलो भएको छ,' ममताले भन्नुभयो । बैजनाथ-३ मा मिश्रित समुदायको बसोबास रहेको छ । यहाँ पहाडी, थारु, दलित समुदायको बसोबास छ ।

हाट बजारमा ब्यवस्थित शौचालय र फिल्डलाई पटान गर्नुपर्ने अवस्था रहेको सञ्चालक समितिले जनाएको छ । 'हाट बजारलाई दिर्घकालिन रुपले सञ्चालन गर्न किसानको उत्पादनलाई बढाउनुपर्ने अवस्था छ, किसानले तरकारी खेती गर्छन, तर अझै पनि उनीहरुलाई तरिका थाहा छैन,' संयोजक खप्तरीले भन्नुभयो, 'किसानलाई पर्याप्त सिंचाई र तालिमको आवश्यक छ ।'

गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा बैजनाथका विभिन्न ठाउँमा कृषि हाट बजार तथा संकलन केन्द्र निर्माण गरेको छ । गाउँपालिकाको वडा नम्बर ३ को बैरहवासहित वडा नम्बर १ चिसापानीमा आर्थिक वर्ष २०८१/०८२ को बजेटमार्फत कृषि हाट बजार तथा तरकारी संकलन केन्द्र निर्माण गरिएको हो । किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत यसका लागि कुल १५ लाख रुपैयाँ खर्च भएको छ ।

## किसानसँग पालिका प्रमुख कार्यक्रमका केही झलकहरु :


















NURTURE EVERY FUTURE: POSHAN NEPAL
care iDE map
medicine for all people
कार्यक्रम सहयोगी संस्था


नवयुग कृषि सहकारी संस्था लि.
द्वारा संचालित
कृषिहाटबजार तथा संकलन केन्द्र






बैजनाथ गाउँपालिकाका किसानहरूसँग पालिका प्रमुख कार्यक्रम
अन्तरगत ७०% प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण (मिनि
टिलर/पावर टिलर) दुवाबीका साधन ई-लोडिङ अटो रिक्सा) तथा
विद्युतीय चारा मेसिन (च्याप कटर) वितरण कार्यक्रम- २०८१/२०८२
स्थान: बैजनाथ गाउँपालिका रामपुर बाँके
मिति: २०८२ असार महिना
















बैजनाथ गाउँपालिका
रामपुर, बाँके















# बैजनाथ गाउँपालिका

## रामपुर, बाँके